नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218



तराईमा खानेपानी र सिँचाइको अभाव भएकामा सांसदहरुको चिन्ता

समाचार पृष्ठ ५ मा

वर्ष ३ | अंक २४५ | २०८२ साल श्रावण ०७ गते बुधबार | Wednesday 23, July 2025 | सूर्योदयः बिहान ५:२५ बजे | सूर्यास्तः साँझ ६:५८ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## पकाहामैनपुरका अध्यक्ष उपाध्यक्षद्वारा बजेटमा बदमासी





**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पकाहामैनपुर गाउँपालिकाका अध्यक्ष सुरेश प्रसाद मेहता र उपाध्यक्ष सरफुन नेशाको सार्वजनिक आलोचना बढिरहेको छ । स्थानीयले दुवै जनप्रतिनिधिले व्यक्तिगत सुविधाका लागि सार्वजनिक कोषको दुरुपयोग गरेको पाइएपछि आलोचना शुरु गरेका हुन् । गाउँपालिका विकासका लागि बजेट अभाव भएको भन्दै हिँड्ने तर जनप्रतिनिधिका लागि लाखौँको मोबाइल खरिद र इन्धनमा दोहोरो भुक्तानी गरिएपछि अध्यक्ष र उपाध्यक्ष जनताको तारो बनेका हुन् ।

महा लेखापरीक्षकको टिप्पणीले गाउँपालिकाको वित्तीय अनुशासन र पारदर्शितामाथि प्रश्न उठाएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्मअनुसार खर्चमा मितव्ययिता र औचित्य कायम गर्नुपर्नेमा यस्तो कार्यले जनताको विश्वासमाथि आघात पुगेपछि उनीहरुको आलोचना भएको हो ।

यता, उपाध्यक्ष सरफुन नेशाले आर्थिक वर्ष २०८०–८१ मा दोहोरो सुविधा लिएको पाइएको छ । महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमै यस विषयमा गम्भीर प्रश्न उठाएको छ ।उपाध्यक्ष नेशा नैतिक संकटमा परेकी छिन् ।

महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको लेखापरीक्षण प्रतिवेदनमा उपाध्यक्ष नेशाले मधेश प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को प्रावधानविपरीत दोहोरो सुविधा लिएकी हुन् ।ऐनको दफा ३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले दोहोरो सुविधा नपाउने व्यवस्था छ । दफा ४ को उपदफा ४ मा सवारीसाधन उपलब्ध गराइएका पदाधिकारीले इन्धन वा यातायात खर्चमध्ये कुनै एक मात्र सुविधा पाउने बताइएको छ ।

उपाध्यक्ष नेशाले यामाहा १४९ सिसी एफजेड–एफआइभी ३ मोटरसाइकल पालिकाबाट किन्न लगाएको र योबापत ४ लाख ४९ हजार रुपैयाँ भुक्तानी गराइएको छ । उनले कात्तिक महिनादेखि असारसम्म मासिक १४ हजार ५ सय रुपैयाँका दरले ९ महिनाको यातायात खर्च पनि लिएकी छिन् । १ लाख ३० हजार ५ सय रुपैयाँ इन्धनको भुक्तानी भएको छ ।

लेखापरीक्षण प्रतिवेदनले दोहोरो भुक्तानी गैरकानूनी ठहर गर्दै उपाध्यक्ष नेशाबाट १ लाख ३० हजार ५ सय रुपैयाँ असुल गर्न सुझाव दिएको छ । रकम मोटरसाइकल खरिदको अवधिदेखि नै दोहोरो सुविधाको रूपमा भुक्तानी भएको प्रतिवेदनमा उल्लेख छ । गाउँपालिकाका अन्य जनप्रतिनिधिको मौनता र अध्यक्ष सुरेश प्रसाद मेहताको संरक्षणले यस्तो बदमासी भएको भन्दै उनीहरुको आलोचना भएको हो ।

महालेखापरीक्षकको कार्यालयले दोहोरो सुविधा लिएको रकम तत्काल असुल गर्न र आगामी दिनमा यस्ता गतिविधि रोक्न गाउँपालिकालाई निर्देशन दिएको छ ।

## सर्वोच्च अदालतको व्यवहार फैसला भएको मुद्दामा रिट दर्ता ?

*असार ३२ गते सर्वोच्चमा पुनः उत्प्रेषण मुद्दा दर्ता गराएका हुन् । वीरगंज–१२ का शिवजी कलवार, वीरगंज–८ कि सुशीला देवी रौनियार, वीरगंज–१२ कि मनोती देवी रौनियार, वीरगंज–१६ का चन्द्रनारायण सिंह, वीरगंज–१० का राजकिशोर गुप्ता, वीरगंज–८ का गोविन्द प्रसाद अग्रवाल, वीरगंज–८ का राजेशकुमार रौनियारलगायतले असार ३२ गते सर्वोच्चमा उत्प्रेषण मुद्दा दर्ता गराएका हुन् ।*



**मधेशदृष्टि**
**वीरगंज ।**
त्रिभुवन राजपथअन्तर्गत पर्ने वीरगंजको मुख्य सडक (मेनरोड) विस्तारका पक्षमा सर्वोच्च अदालतले गरेको फैसला कार्यान्वयन शुरु भइसकेको अवस्थामा केही घरधनीले फेरि सर्वोच्चमा नयाँ रिट दर्ता गराएका छन् । सर्वोच्चले पनि यसअघि आफैँले गरेको फैसलाविपरीत दायर रिटमा छलफल गर्न बुधबारका लागि पेसी तोकेको छ ।

वीरगंजको मुख्य सडक विस्तार हुन नहुने भन्दै घरधनीले हालेको रिट २०८१ फागुन २८ गते नै सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले खारेज गर्ने निर्णय गरेको थियो । पटकपटक पेसी सर्दै आएको मुद्दामा सर्वोच्च अदालतले विपक्षीको रिट खारेज गर्दै सरकारको पक्षमा फैसला गरेपछि झण्डै १२ वर्षदेखि अन्योलमा परेको वीरगंजको मेनरोड विस्तारका लागि बाटो खुलेको थियो । त्यसपछि सर्वोच्चको फैसला कार्यान्वयका लागि वीरगंज महानगरपालिकाले सडकको दायाँ र बाँयाको २५–२५ मिटर क्षेत्रभित्र पर्ने भौतिक संरचनाहरु हटाउने कामपनि शुरु गरिसकेको थियो ।

तर, अहिले फेरि मुख्य सडक विस्तारको काम रोक्न २४ जनाले वीरगंज महानगरपालिका, प्रधानमन्त्री कार्यालय, जिल्ला प्रशासन कार्यालय, सडक विभाग सहितकालाई विपक्षी बनाएर असार ३२ गते सर्वोच्चमा पुनः उत्प्रेषण मुद्दा दर्ता गराएका हुन् ।

वीरगंज–१२ का शिवजी कलवार, वीरगंज–८ कि सुशीला देवी रौनियार, वीरगंज–१२ कि मनोती देवी रौनियार, वीरगंज–१६ का चन्द्रनारायण सिंह, वीरगंज–१० का राजकिशोर गुप्ता, वीरगंज–८ का गोविन्द प्रसाद अग्रवाल, वीरगंज–८ का राजेशकुमार रौनियारलगायतले असार ३२ गते सर्वोच्चमा उत्प्रेषण मुद्दा दर्ता गराएका हुन् ।

मुद्दा अर्थात रिटमा छलफलका लागि सर्वोच्च अदालतले बुधबारका लागि पेसी तोकेको पत्र महानगरपालिकाको कार्यालयलाई मंगलबार बिहानमात्रै प्राप्त भएको मेयर राजेशमान सिंहले बताए ।

असार ३२ गते दायर उत्प्रेषण रिटमा साउन ५ गते सोमबार सर्वोच्च अदालतका न्यायाधीश अब्दुल अजीज मुसलमानले आदेश गर्दै मुद्दाको सन्दर्भमा छलफल गर्न बुधबारको समय दिएका हुन् । एउटै विषयमा अदालतले आदेश दिइसकेपछि पुनः त्यही प्रकृतिको मुद्दा अदालतमा दर्ता हुनु न्यायिक प्रकृयाविपरीत रहेको कानून व्यवसायीको तर्क छ ।







## भारतद्वारा मधेशका तीन विद्यालयलाई २१ करोड

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल–भारत मित्रतालाई अझ प्रगाढ बनाउँदै भारत सरकारले मधेश प्रदेशका तीन विद्यालयका लागि झण्डै २१ करोड रुपैयाँ अनुदान दिने भएको छ । यो सहयोग सहित देशभरका पाँच सामुदायिक विकास परियोजनाका लागि भारतले करिब ३९ करोड रुपैयाँ बराबरको अनुदान प्रदान गर्नेछ ।

यस सम्बन्धमा सोमबार काठमाडौँस्थित भारतीय दूतावास, नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्थानीय निकायबीच औपचारिक सम्झौतापत्रमा हस्ताक्षर भएको छ । पर्सा, पोखरिया नगरपालिका–६ स्थित विद्यालयमा १० करोड ४२ लाख रुपैयाँ अनुदान दिइनेछ । बारा, प्रसौनी गाउँपालिका–२ मा रहेको श्री बेंगा साह माध्यमिक विद्यालयको पूर्वाधार विकासका लागि ५ करोड ५० लाख रुपैयाँ अनुदान दिइनेछ ।

त्यसतै धनुषा, बटेश्वर गाउँपालिका–३ मा रहेको श्री जनशक्ति माध्यमिक विद्यालयका लागि ५ करोड ८० लाख रुपैयाँ अनुदान दिइनेछ ।

पाँच सामुदायिक विकास परियोजनाका लागि हस्ताक्षर भएको कुल अनुदान रकम ३९ करोड रुपैयाँ बराबरको रहेको छ । भारत सरकारको यो सहयोगले नेपालको शिक्षा क्षेत्रमा भौतिक पूर्वाधार सुदृढ गर्न तथा सिकाइको वातावरणमा गुणात्मक सुधार ल्याउने अपेक्षा गरिएको छ ।



**बेपत्ताको खोजीः** सप्तकोशी नदीमा नुहाउने क्रममा सोमबार बेपत्ता भएका सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका–१ का दीपेश मेहताको मङ्गलबार वराहक्षेत्र नगरपालिका–९ स्थित सप्तकोशी नदीमा खोजी गर्दै सशस्त्र प्रहरीको विपद् व्यवस्थापन टोली । सोमबार सप्तकोशी नदीमा तीन जना साथी नुहाउन पसेकोमा दुई जना सकुसल निस्किए भने मेहता अझसम्म बेपत्ता भएपछि सशस्त्र प्रहरीले खोजी कार्य जारी राखेको छ । तस्बिरः रासस

# ट्याङ्करमार्फत खानेपानी वितरण

**राजविराज ।**
सप्तरीमा खानेपानीको अभाव भएपछि प्रदेश सरकारले दमकल–ट्याङ्करमार्फत खानेपानी वितरण शुरु गरेको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहको निर्देशनपछि रुपनी गाउँपालिका वडा नम्बर १ र २ मा खानेपानी वितरण शुरु भइसकेको छ । यसका अतिरिक्त राजगढ गाउँपालिका, अग्निसाइर कृष्णासवरण गाउँपालिका, विष्णुपुर गाउँपालिका तथा सुरुङ्गा नगरपालिकामा खानेपानी अभाव देखिएका बस्तीमा पनि पानी आपूर्ति विस्तार गर्दै लगिएको मुख्यमन्त्रीका प्रेस सल्लाहकार अवधेशकुमार झाले जानकारी दिए ।

स्थानीय तहहरूको मागका आधारमा प्रमुख जिल्ला अधिकारी भोला दाहालको समन्वय र नेपाली सेनाको सहयोगमा ट्याङ्करबाट पानी वितरण अभियान सञ्चालन गरिएको हो । यस क्रममा लाग्ने सम्पूर्ण खर्च प्रदेश सरकारले बेहोर्ने व्यवस्था गरिएको छ । खानेपानी आपूर्तिलाई थप प्रभावकारी बनाउन प्रत्येक पालिकामा सम्पर्क व्यक्ति तोकिएको जनाइएको छ ।

# नेपाल स्वतन्त्र र स्वाधीन रहनुपर्ने बिपीको धारणा

**ललितपुर ।**
नेपाली कांग्रेसका पूर्वमहामन्त्री एवम् राष्ट्रियसभामा कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाले नेपाल स्वतन्त्र र स्वाधीन रहनुपर्छ भन्ने बिपी कोइरालाको स्पष्ट धारणा रहेको स्मरण गरेका छन् ।

कोइरालाको ४३औँ स्मृति दिवसका अवसरमा गरिएको 'स्मृतिमा बिपी' विचार गोष्ठीमा उनले कुनै पनि वैदेशिक राष्ट्रको हस्तक्षेप सहनुहुन्न भनेर राष्ट्र र राष्ट्रियताबारे कोइरालाको स्पष्ट धारणा रहेको बताए । 'राष्ट्र र राष्ट्रियता भनेको जनता हो, जनताको अधिकारबिना राष्ट्र र राष्ट्रियता रहँदैन भन्ने उहाँको सोच थियो । लोकतान्त्रिक शासन पद्धतिमा कसैसँग सम्झौता गर्नुभएन, नेपालको लोकतान्त्रिक आन्दोलनलाई खुला परेर छोडिदिनुभयो,' सिटौलाले भने ।

उनले जननायक बिपी कोइरालालाई गतिशील नेताका रुपमा बुझ्नुपर्ने भन्दै फाँसीको मुद्दा अदालतमा रहँदा पनि आफ्नो घाँटी राजासँग जोडिएको भन्दै राजासँग सहकार्य गरेको बताए । नेता सिटौलाले राष्ट्र र लोकतान्त्रिक व्यवस्थाका लागि बिपी राजासँग मिलेको उल्लेख गर्दै तत्कालीन राजा ज्ञानेन्द्रले लोकतान्त्रिक व्यवस्था मासेका कारण राजतन्त्र र राजसंस्था बिदा भएको बताए ।

पूर्वअर्थराज्यमन्त्री एवम् प्रतिनिधिसभा सदस्य उदयशमशेर राणाले पञ्चायतकालमा कोइराला परिवारले दुःख, कष्ट भोगेर पनि कांग्रेसलाई बलियो बनाउँदै बहुदलीय व्यवस्था ल्याउन भूमिका खेलेको चर्चा गरे । बिपीको लगनशीलता, त्याग र निष्ठालाई अनुशरण गर्दै व्यवहारिक रूपमा विकास र समृद्धिमा लाग्नुपर्ने धारणा कांग्रेस केन्द्रीय सदस्य राणाको भनाइ थियो ।

कांग्रेस केन्द्रीय सदस्य एवम् राष्ट्रियसभा सदस्य जीतजङ्ग बस्नेतले बिपीले गर्नुभएको योगदान, त्याग र तपस्यालाई वर्षमा दुई दिन सम्झनेभन्दा पनि हरेक दिन उहाँका सत्प्रेरणालाई अवलम्बन गर्दै देश र जनताका पक्षमा काम गर्न सक्नुपर्नेमा जोड दिए ।

केन्द्रीय सदस्य धना खतिवडाले बिपीले परिकल्पना गरेअनुसारको लोकतान्त्रिक पद्धति, राजनीतिक स्वतन्त्रता, आर्थिक विकास र शासन पद्धतिमा जोड दिनुपर्ने धारणा राखिन् । कार्यक्रममा कांग्रेस बागमती प्रदेश उपसभापति चन्द्र महर्जन, ललितपुर उपसभापति सुदर्शन घिमिरे, ललितपुर क्षेत्र नं २ का सभापति महेश खड्कालगायतले बिपीको योगदान र कांग्रेस गर्नुपर्ने योगदानका विषय आफ्नो धारणा राखे । रासस

# 'कुलिङ पिरियड' हटाउन खोजे सरकारबारे सोच्न बाध्य



**भक्तपुर ।**
नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले निजामति सेवा विधेयकको 'कुलिङ पिरियड' सम्बन्धी राज्य व्यवस्था समितिको सिफारिसविरुद्ध काम भए कांग्रेसले सरकारलाई बचाइ नराख्ने बताएका छन् ।

बिपी स्मृति दिवसका अवसरमा नेपाली कांग्रेस मध्यपुरथिमि नगर समितिले आयोजना गरेको विचार गोष्ठी र नेपाल तरुण दल मध्यपुरथिमि नगरसमितिको अधिवेशन उद्घाटन कार्यक्रममा उनले कुलिङ पिरियड हटाउने प्रयास गरे वा समितिको सिफारिस विपरीत गर्न खोजिए आफूहरू सरकारबारे सोच्न बाध्य हुने बताए ।

महामन्त्री शर्माले कुलिङ पिरियडका विषयमा जसले गलत गरे पनि कारबाही हुने बताए ।

'कुलिङ पिरियडसम्बन्ध ज–जसले गलत गर्नुभएको छ, ती सबैलाई कारबाही हुन्छ र कुलिङ पिरियड दुई वर्षको ठाउँमा साढे दुई वर्ष होला तर हट्दैन,' उनले भने, 'राष्ट्रियसभाबाट यसलाई समाधान गरिन्छ । कुलिङ पिरियडलाई प्रधानमन्त्रीको निर्देशनमा हटाउने प्रयास भएमा वा समितिबाट गरेको सिफारिसविरुद्ध काम भए कांग्रेसले यो सरकारलाई बचाइ राख्दैन ।'

उनले भूमि विधेयकको विषयमा छलफल चलिरहेकाले यसलाई समितिमा लगेर व्यापक सहमतिका साथ अगाडि बढाइने बताए । महामन्त्री शर्माले अझै पनि देश बिपी कोइरालाको नीतिमा अगाडि बढेको भन्दै उनले कल्पना गरेअनुसारको विकासका लागि सबै प्रतिबद्ध भएर लाग्नुपर्नेमा जोड दिए । 'देश अहिले पनि बिपीले देखाएको बाटोमै छ । उहाँलाई अन्य दल, राजतन्त्र र स्वयम् कांग्रेसले राम्रोसँग बुझ्न सकेको भए देश धेरै अगाडि हुन्थ्यो । दश वर्षे सशस्त्र द्वन्द्व, राजतन्त्रको विदाइ, देशका अगाडि विविध समस्या यो ढङ्गले आउने थिएनन्,' उनले भने ।

कांग्रेस भक्तपुरका सभापति एवम् प्रतिनिधिसभा सदस्य दुर्लभ थापाले विभिन्न खालका भ्रम र अफवाहलगायत चुनौतीलाई चिर्दै एक जुट भएर २०८४ को चुनावमा जानुपर्ने बताए ।

उनले स्थानीय तथा केन्द्रमा कांग्रेसको बहुमतको सरकार बनाउने लक्ष्य साथ अगाडि बढ्नुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेस मध्यपुरथिमि सभापति हरिदास प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा कांग्रेस भक्तपुरका पूर्वसभापति गणेशमान चक्रधर, महेश श्रेष्ठ, मध्यपुरथिमि नगरपालिका प्रमुख सुरेन्द्र श्रेष्ठ, नेपाली कांग्रेस मध्यपुरथिमि उपसभापति अनिल श्रेष्ठलगायतले धारणा राखेका थिए । रासस

# फेवातालको पहिचान र सुन्दरता जोगाउन जुटे पोखरेली



**पोखरा ।**
पोखराको फेवाताल केवल पर्यटकीय आकर्षणको मात्र होइन सामाजिक, सांस्कृतिक र वातावरणीय पहिचान पनि हो । फेवातालमा टलक्क टल्कने माछापुच्छ्रे हिम शृखङ्लाको मनमोहक दृश्य, तालबाराहीको मन्दिरको दर्शन, वरिपरिको हरियालीसहित शान्त वातावरण हेर्न बर्सेनि हजारौँ पर्यटक पोखरा आइपुग्छन् ।

पोखराको पहिचान र सुन्दरतालाई जोगाउन अहिले स्वःस्फूर्तरुपमा पोखरेली जेटेका छन् भने आवश्यक नीतिगत व्यवस्थासहित सरकारले पनि प्राथमिकताका साथ सहयोग गरिरहेको छ । पछिल्लो समय प्रदुषण, अतिक्रमण र अव्यवस्थित सहरीकरणले फेवातालको सुन्दरतामा ह्रास आउन थालेपछि नागरिकको सक्रियता बढेको हो । फेवातालको पानीको मुख्य स्रोतको रूपमा रहेको 'हर्पन खोला'ले हरेक वर्ष वर्षायाममा हजारौँ टन गेग्रानसहित माटो बगाएर ल्याउँछ, जसले तालको गहिराइ र क्षेत्रफल दुवै घटाउँदै लगेको छ ।

यसका साथै, ताल वरपरका होटल, रेस्टुरेन्ट र घरहरूबाट निस्कने अप्रशोधित ढल सिधैँ मिसाउनेक्रम बढेसँगै ताल प्रदूषित भएको भनी स्थानीयवासीले चिन्ता व्यक्त गरेका छन् । फेवातालको सुन्दरतालाई कायम राख्न बर्सेनि पोखरेलीहरु स्वस्फूर्तरुपमा सफाइ अभियानमा जुटने गर्दछन, जसले काललाई बचाउन सहयोग पुऱ्याएको छ ।

विज्ञहरूका अनुसार प्लास्टिकजन्य फोहर र वर्षायाममा तालको ठूलो हिस्सा ढाक्ने जलकुम्भी झारले तालको सौन्दर्यमा गम्भीर असर पारेको छ । वातावरण संरक्षणका लागि महाअभियानका संयोजक एवं नागरिक समाजका अगुवा रामबहादुर पौडेल भन्छन्, 'वर्षायाममा बाढीपहिरोसँगै प्लास्टिक, ढललगायत ताल ढाक्ने गरी आउने जलकुम्भीले फेवातालको अस्तित्वमा गम्भीर असर पारेको छ, यो जोगाउने जिम्मा सरकारसँगै हामी नागरिकको पनि हो ।'

'पोखरेली हुनुको नाताले तालको संरक्षणको दायित्व बोध गर्दै स्थानीय टोल, आमा समूह, विद्यार्थी, स्वयंसेवी क्लबहरू, सङघसंस्था र जलारी समुदायले फोहर सङ्कलन, सचेतना र वृक्षारोपणजस्ता गतिविधि गरेर फेवाताल संरक्षणमा जुटिरहेका छन्, यसले तालप्रतिको अपनत्व बढाएको छ,' उनले भने, 'निःस्वार्थ भावनाले ताल सफा गर्न जुट्ने ती स्वयंसेवकहरूको अनुहारमा जुन चमक देखिन्छ, त्यो केवल वातावरणको माया होइन, सहर र प्राकृतिक सम्पदाप्रतिको जिम्मेवारी पनि हो ।'

पौडेलका अनुसार फेवातालको संरक्षण गर्दा पर्यटन प्रवद्र्धन, वातावरणीय सन्तुलन र सामाजिक चेतना तीनै कुरा सँगसँगै अगाडि बढ्छन्, भन्ने बुझाइ अब पोखराबासीको रहेको छ । 'फेवाताललाई बचाउन अझ सशक्त सहकार्य, दीर्घकालीन योजना र हरेक नागरिकको प्रतिबद्धता चाहिन्छ । फेवाताल सफा हुनु भनेको पोखराको पहिचान जोगिनु मात्र होइन, भावी पुस्ताका लागि एउटा हरित र स्वस्थ सहर उपहार दिनु हो,' पौडेलले भने ।

यसैगरी फेवा मत्यस्य सहकारीका अध्यक्ष एवं जलारी समुदायका अगुवा ज्ञानबहादुर जलारी तालमा आश्रित जलारी समुदायले प्रत्येक महिनाको ३ गते फेवाताल सफाइ अभियान गर्दै आएको बताउँछन् । 'हामीले लामो समयदेखि यो सफाइ अभियान गर्दै आएका छौँ । नागरिक समाज, महिला सञ्जाल, युवा क्लब, विद्यार्थी, पर्यटन व्यवसायी, प्रहरी, सञ्चारकर्मीलगायतको पनि साथसहयोग रहेको छ,' उनले भने, 'जलकुम्भी लगायतका कुहिने फोहरलाई मल बनाउने र प्लास्टिकजन्य नकुहिने फोहरलाई महानगरको गाडीबाट व्यवस्थापन गर्दै आएको छौँ, हरेक महिना छ–सात ट्रक फोहर निस्कने गर्दछ, जलकुम्भी निकाल्ने समयमा भने अझ बढी हुन्छ ।'

उनले ताल प्राधिकरणको प्रभावकारी कार्यान्वयन, तालमा मिसिने ढल र गेग्रानको उचित व्यवस्थापन तथा अतिक्रमण विरुद्ध शून्य सहनशीलता अपनाउन सकेमात्र पोखराको यो अमूल्य धरोहरलाई भावी पुस्ताका लागि सुरक्षित राख्न सकिने बताए । उनले करिब एक सय घरपरिवार फेवातालमा आश्रित जलारी समुदाय रहेको जानकारी दिए ।

पोखरा महानगरपालिका–६ महिला सञ्जालकी अध्यक्ष बबिता मल्लले फेवाताल सफाइ अभियानको उद्देश्य पोखराको पहिचानसँगै पोखराको पर्यटन, अर्थतन्त्र र जनस्वास्थ्य जोगाउनु रहेको स्पष्ट गरे । 'तालको संरक्षण गर्ने जिम्मेवारी हाम्रो पनि हो भन्ने 'नारा'लाई सार्थक बनाउन जोड दिएका छौँ, फेवाताल संरक्षण अभियान केवल फोहर सङ्कलनमा सीमित छैन्, यो एउटा चेतनाको अभियान पनि हो, जहाँ सरकारी योजना, बजेट, नीतिगत प्रतिबद्धता र नागरिकको सक्रिय सहभागिता एकसाथ अघि बढाउन सकिएको छ,' उनले भने ।

पोखरा महानगारपालिका–६ मा १८ वटा आमा समूहको सञ्जाल रहेको र स्वःस्फूर्तरुपमा फेवाताल सफाइ अभियानमा जुट्ने गरेको अध्यक्ष मल्लले जानकारी दिनुभयो । पोखरा महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८२–८३ का लागि आठ अर्ब ३५ करोड १२ लाख रुपैयाँ बराबरको बजेट प्रस्तुत ग¥यो । बजेटमध्ये शहरी विकास, पर्यटन, वन तथा वातावरणतर्फ ३८ करोड अर्थात् सात दशमलव २८ प्रतिशत विनियोजन भएको छ । महानगरले बजेटमार्फत पोखराको पहिचानसँग जोडिएको फेवाताललगायतका तालको संरक्षण लागि एक अधिकार सम्पन्न 'पोखरा ताल विकास प्राधिकरण' गठन गर्ने घोषणा गरेको छ । महानगरले ताललाई ३०–४० वर्ष पुरानै स्वरूपमा फर्काउने दूरदर्शी योजनाअघि सारेको छ । महानगरपालिकाअन्तर्गतको शहरी विकास पर्यटन पूर्वाधार तथा वातावरण महाशाखा प्रमुख विमलरञ्जन कार्कीका अनुसार तालको सौन्दर्यमा ह्रास ल्याइरहेको जलकुम्भी झारलाई आयआर्जन र रोजगारीको स्रोतमा रूपान्तरण गर्ने नवीन कार्यक्रमसमेत बजेटमा समावेस गरिएको छ ।

उनले भने, 'फोहरमैला तथा ढल व्यवस्थापन, वातावरणीय सचेतना कार्यक्रम, हरियाली प्रवद्र्धन तथा जनसहभागितामूलक वातावरणीय अभियानका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । यी कार्यक्रमले समुदाय एवं सरकारबीचको सहकार्यलाई सशक्त बनाउँदै पोखराको दिगो पर्यटन विकासमा टेवा पु¥याउने महानगरको विश्वास छ ।'

पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य ताल संरक्षण नागरिक, समुदाय र सरकार सबैको साझा दायित्व भएको बताउँछन् । उनले भने, 'फेवाताल संरक्षणमा नागरिक समाजको भूमिका पनि उल्लेखनीय देखिएको छ, 'वातावरण एवं सम्पदा संरक्षणमा नागरिक खबरदारी' जस्ता नाराका साथ स्थानीयवासीको सक्रिय सहभागिता पोखराको सौन्दर्य र स्वाभिमानको परिचय बनेकाले यसमा हामी सबैले गर्व गर्नुपर्दछ ।'

प्रमुख आचार्यले मानवीय र प्राकृतिक अतिक्रमणका कारण फेवातालको क्षेत्रफल निरन्तर साँघुरिँदै गएको र यहीक्रम जारी रहे ताल नै लोप हुने खतरा देखिएको भनी चिन्ता व्यक्त गरे । सर्वोच्च अदालतको आदेशानुसार सरकारले फेवातालको क्षेत्रफल पाँच दशमलव ७ सय २६ वर्गकिलोमिटर कायम गरेको र फेवातालको किनारबाट ६५ मिटर मापदण्ड लागू गर्दै पिलर गाड्ने कार्य अन्तिम चरणमा पुगेको उनले बताए ।

महानगरले फेवाताल सफाइका लागि विशेष वातावरण संरक्षण कोष, सामुदायिक साझेदारी कार्यक्रम र फोहरमैला प्रशोधन केन्द्रजस्ता पूर्वाधारमा पनि बजेट सुनिश्चित गरेको बताएको छ । प्रमुख आचार्यले तालबाट सङ्कलित जलकुम्भी झारलाई प्रयोग गरी सीमान्तकृत समुदायलाई सीपमूलक तालिम दिइने र तालिमपछि उत्पादित हस्तकलाका सामाग्री 'कोसेली घर' र स्थानीय बजारमार्फत बिक्री गरिनेसमेत जानकारी दिए । रासस

# भदौ २ र ३ गते 'हिन्दकुश हिमालय संसदीय बैठक' हुँदै

**काठमाडौँ ।**
जलवायु परिवर्तन, वायु प्रदूषण र वातावरणलगायत विषयमा सामूहिक रुपमा छलफल गर्ने उद्देश्यले आगामी भदौ २ र ३ गते काठमाडौँमा 'हिन्दकुश हिमालय संसदीय बैठक' (एचकेएच बैठक) हुने भएको छ ।

प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको समन्वय र अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को सहयोगमा बैठक हुन लागेको हो । समितिले हिन्दुकुश हिमालय क्षेत्रमा रहेका देशहरू (नेपाल, भारत, चीन, भुटान, बङ्गलादेश, म्यानमार, पाकिस्तान र अफगानिस्तान)का जनप्रतिनिधि, संसदीय समितिका प्रमुख तथा सदस्यहरू र संसदीय व्यवस्था नरहेका देशका जलवायु क्षेत्रमा काम गर्ने उच्च पदस्थ निकायका प्रतिनिधिहरूसँग बैठक आयोजना गर्न लागेको हो ।

समितिले बैठकको तयारीका सम्बन्धमा सरोकारवाला मन्त्रालयका सचिव र सहसचिव तथा विज्ञहरूको सहभागितामा आवश्यक सहयोग, सहजीकरण, सुरक्षा र आपसी समन्वय लगायतका विषयमा छलफल गरेको थियो ।

छलफलमा परराष्ट्र, वन तथा वातावरण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, गृह, स्वास्थ्य, रक्षा, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव तथा सहसचिवहरू र अन्य सरोकारवाला निकायका प्रतिनिधि र सम्बन्धित विज्ञहरू सहभागी थिए ।

एचकेएच बैठकको उद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलले गर्ने बताइएको छ । समितिका सदस्य वीरबहादुर बलायरको संयोजकत्वमा समितिमा प्रतिनिधित्व गर्ने दलहरूको सहभागितामा बैठक आयोजना गर्नेसम्बन्धी प्राविधिक समिति गठन गरिएको छ । तयारी बैठकमा कृषि समितिका सभापति कुसुमदेवी थापाले नेपाल जलवायु परिवर्तनका असरबाट बढी प्रभावित भएको सन्दर्भमा यसका चुनौतीको सामना गर्न हिमाल भएका मुलुकसँग सहकार्य अभिवृद्धिका लागि बैठक गर्न लागिएको बताइन् ।

साथै जलवायु विपद् र प्रदूषण, पर्वतीय क्षेत्र र जीवनशैली विषयमा छलफल हुने तथा यस क्षेत्रका मुलुकमा भएका जलवायु अनुकूलनसम्बन्धी राम्रा सिकाइ आदानप्रदान गरिने उनले बताइन् । दुई दिनसम्म सञ्चालन हुने बैठकमा अधिकांश मुलुकबाट आउने प्रतिनिधिको निश्चित भइसकेको समितिले जनाएको छ ।संयोजक बलायरले यस क्षेत्रका जलवायुका मुद्दामा सामूहिक सहकार्य बढाउने तथा अन्तरराष्ट्रिय मञ्चमा साझा धारणा सशक्त बनाउने उद्देश्यका साथ बैठक आयोजना गर्न लागेको बताए । साथै उनले बैठकको उद्देश्य र तयारीबारे अवगत गराउँदै यो बैठक राष्ट्रकै गौरवको विषय भएकाले यसलाई सफल बनाउन सबैलाई आफ्नोतर्फबाट हरसम्भव प्रयास गर्न आग्रह गरे । पूर्वमा म्यान्मारबाट पश्चिमको अफगानिस्तानसम्म फैलिएको तीन हजार ५ सय किलोमिटर हिन्दकुश हिमालय क्षेत्रबाट पग्लने हिउँ यो क्षेत्रका १० प्रमुख नदीको पानीको स्रोत हो । यही पानीको स्रोतमा करिब दुई अर्ब जनता निर्भर छन् । रासस

# ‘असफाल्ट प्लान्ट’को प्रदूषणले बस्तीमा सास्ती



**सुदिप राउत**
**सिरहा ।**
यहाँको धनगढीमाई नगरपालिका–३ बनौलीमा ‘बजरङ्गबली कन्स्ट्रक्सन’द्वारा सञ्चालित सडक निर्माणमा प्रयोग हुने कच्चा पदार्थ तातो मिश्रण तयार गर्ने ‘असफाल्ट प्लान्ट’बाट उत्सर्जित प्रदूषणले बस्तीका स्थानीय बासिन्दाको दैनिक जीवन र स्वास्थ्यमा गम्भीर असर पारेको स्थानीयले आरोप लाएका छन् । विगत तीन वर्षदेखि सञ्चालनमा रहेको यस प्लान्टबाट निस्किने धूलो, धुवाँ, कडा गन्ध र आवाजले बस्तीमा दैनिक जीवन कष्टकर बनाएको स्थानीयको गुनासो बढेर गएको छ ।

स्थानीयका अनुसार बस्तीको छेउमै रहेको प्लान्टमा गिट्टी र अलकत्रा पकाउने प्रक्रिया भइरहेकाले प्रदूषण अत्यधिक फैलिएको हो । जसको प्रत्यक्ष असर बस्तीमा परेको छ । घरमै बसेर सास फेर्न गाह्रो हुने अवस्था आएको उनीहरू बताउँछन् । ‘विशेषगरी बिहान र साँझतिर धूलोले चारैतिर ढान्छ, सास फेर्न अप्ठ्यारो हुन्छ, कडा गन्धले उकुसमुकुस बनाउँछ,’ स्थानीय रवीन्द्र चौधरी भन्छन् ।

कतिपय स्थानीय त बाध्य भएर घरबास नै अन्यत्र सार्न थालेका छन् । तिनैमध्येका एक स्थानीय विजय सहनीले आफूले तीन किलोमिटर टाढा रहेको आफ्नै जग्गामा बसाइँ सरेको जानकारी दिए । ‘यहाँ उद्योगको कडा गन्ध र धूलो–धुवाँले बस्नै नसक्ने भएपछि बाध्य भएर सरेको हुँ,’ सहनीले भने, ‘तर त्यहाँसम्म पनि प्रदूषणको असर आइपुगेको छ । अब कहाँ जाने ? जाने ठाउँ नै छैन ।’

स्थानीयहरूका अनुसार नजिकका बनौली, घले टोल, छप्रारी टोल, मेदनीपुरलगायतका बस्तीमा प्रदूषणको असर देखिएको छ । ती बस्तीहरूमा हजारौँ मानिस बसोबास गर्ने गरेका छन्, जसले प्रत्यक्ष रूपमा वातावरणीय प्रताडना भोग्नुपरेको स्थानीयको भनाइ छ ।

**विद्यालय प्रभावित, बालबालिकामा स्वास्थ्य समस्या**

प्लान्ट नजिकै रहेको नाइटिङ्गेल विद्यामन्दिर स्कुलमा अध्ययनरत सयौँ विद्यार्थी वर्षौंदेखि प्रदूषित वायुमण्डलमा बस्न बाध्य छन् । विद्यालयका प्रधानाध्यापक विजय चौधरीका अनुसार पछिल्ला केही महिनादेखि विद्यार्थीमा वाकवाकी लाग्ने, टाउको दुख्ने, वान्ता आउनेजस्ता समस्या देखिन थालेको छ । उनले भने, ‘यहाँ अध्ययनरत झण्डै ४ सय विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असर परेको छ ।’

अभिभावकहरूले स्वास्थ्य समस्या देखिएपछि अस्पतालसम्म पुर्याउनुपरेको जनाएका छन् । बालबालिका, वृद्धवृद्धा र घरबाहिर काम गर्ने व्यक्तिहरू बढी प्रभावित भएको स्थानीयहरू बताउँछन् ।

**स्थानीयको उजुरी र प्रशासनको हस्तक्षेप**

स्थानीयले प्लान्टको असरबारे लामो समयदेखि पटक–पटक नियामक निकायमा उजुरी दिएका थिए । जिल्ला प्रशासन कार्यालय सिरहा, इलाका प्रशासन कार्यालय लहान, घरेलु तथा साना उद्योग कार्यालय लहान, इलाका प्रहरी कार्यालय लहानलगायतका निकायमा उजुरीपछि गत असार महिनाको १८ गते इलाका प्रशासन कार्यालय लहानको नेतृत्वमा उक्त प्लान्टको स्थलगत अनुगमन गरिएको थियो । निरीक्षणका क्रममा प्लान्ट सञ्चालक अनुपस्थित रहेकाले इलाका प्रशासनले प्लान्टमा ताला लगाएको थियो ।

स्थानीय बासिन्दा, प्लान्ट सञ्चालक र प्रशासनबीच त्रिपक्षीय वार्तापछि असार मसान्तसम्म उद्योग सञ्चालन गर्न दिने र साउन १ गतेदेखि प्रचलित कानुनअनुसार प्रदूषण नियन्त्रणका सबै उपायहरू अवलम्बन गरेर मात्र उद्योग सञ्चालन गर्न दिने सहमति भएसँगै उद्योगको ताला खोलिएको थियो ।

तर सहमतिअनुसार प्रदूषण नियन्त्रणका उपायहरू लागू नगरी उद्योग सञ्चालन गरिएको स्थानीयको आरोप छ । जसले पुरानै रूपमा प्रदूषण फैलिरहेको छ । यसले गर्दा उद्योगलाई रोक लगाउनुपर्ने वा बस्तीभन्दा टाढा स्थानान्तरण गर्नुपर्ने माग उनीहरूको छ । स्थानीय नवीन किशोर चौधरी भन्छन्, ‘बस्तीको छेउमै प्लान्ट सञ्चालन भइरहेको छ । यस्तो अवस्थामा विकल्प के हो ? बस्ती सार्ने कि प्लान्टलाई नै बस्ती नभएको ठाउँमा सार्ने ? मेरा दुई साना बालबालिका यही विद्यालयमा पढ्छन्, उनीहरूको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ ।’

प्लान्ट सञ्चालक राजेश्वर साहले भने सबै प्रक्रिया कानूनी रूपमा अघि बढाएको र सरकारी मापदण्डअनुसार प्लान्ट सञ्चालन गरिएको दाबी गरे । उनले भने, ‘पहिला कसैलाई केही थिएन, अहिले उद्योग राम्रोसँग चलेपछि सबैको नजर लागेको हो ।’ उनले आवश्यकता परेमा प्लान्ट अन्यत्र सार्न तयार रहेको र वातावरणीय अध्ययन गरेर निष्कर्ष निकाल्नुपर्ने धारणा राखे ।

तर स्थानीयले भने वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए वा आइइई) बिना उद्योग सञ्चालित भएको आरोप लगाएका छन् । प्लान्ट घरेलु कार्यालयमा मात्र ‘कन्स्ट्रक्सन कम्पनी’का रूपमा दर्ता भएको कार्यालयले बताएको छ । स्थानीय, शिक्षक र अभिभावकले तत्काल प्लान्ट बन्द नगरिए कडा आन्दोलनमा उत्रनुपर्ने चेतावनी दिएका छन् । उनीहरूको भनाइमा, स्थानीयको स्वास्थ्य र वातावरणीय असरलाई बेवास्ता गर्दै निर्माण व्यवसायी सहले प्लान्टलाई दीर्घकालीन रूपमा सञ्चालन गर्ने योजना अघि बढाइरहेका छन् । यसले स्थानीय समुदायमा थप असन्तोष र आक्रोश पैदा गरिरहेको छ ।

इलाका प्रशासन कार्यालय लहानका प्रमुख गोकर्णराज सुयलका अनुसार प्लान्टको वातावरणीय असरबारे थप अध्ययन र अनुगमन प्रक्रिया अघि बढाइनेछ । ‘जनस्वास्थ्यभन्दा ठूलो कुरा अरू हुन सक्दैन । त्यसैले हामीले स्थानीयको सहमति बेगर उद्योग सञ्चालन गर्न नदिने निर्णय गरेका छौँ,’ उनले थप स्पष्ट पार्दै भने, ‘प्रहरीसँग समन्वय गरेर घरेलु तथा साना उद्योग कार्यालयलाई उद्योग तत्काल बन्द गर्न निर्देशन दिइसकिएको छ । यदि सञ्चालकलाई चित्त नबुझेमा माथिल्लो निकायमा वा कानुनी प्रक्रिया अवलम्बन गर्नसक्ने विकल्प खुला छ ।’

धनगढीमाई नगरपालिकाका नगरप्रमुख शिवशङ्कर महतोले प्लान्टको विषयमा चाँडै अनुगमनमा जाने र आवश्यक अध्ययन गर्ने प्रतिक्रिया दिए । उनले भने, ‘यदि वातावरणमा असर गरेको पुष्टि भएमा आवश्यक कारबाही गरिन्छ, प्लान्ट बन्द गर्न निर्देशन दिन सकिन्छ । जनस्वास्थ्य र वातावरणको सुरक्षामा कुनै सम्झौता गरिँदैन ।’

# बिपीको ४३औँ स्मृति दिवस मनाइयो



**मधेशदृष्टि**
**सर्लाही ।**
नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला (बिपी)को ४३औँ स्मृति दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । नेपाली कांग्रेस सर्लाही जिल्लाको बसबरिया गाउँपालिकाद्वारा पार्टी कार्यालय भवानीपुरमा आयोजित कार्यक्रममा नेता तथा कार्यकर्ताहरूले बिपीको योगदानको स्मरण गरेका हुन् ।

पार्टी सभापती लालबाबु महतोको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेशका नेपाली कांग्रेस उपसभापति एवम् संगठन विभाग प्रमुख तथा पूर्वमन्त्री वीरेन्द्र प्रसाद सिंह प्रमुख अतिथिका रूपमा उपस्थित थिए । नेता सिंहले बिपीको तस्बिरमा माल्यार्पण गर्दै नेपालमा प्रजातन्त्र स्थापनाका लागि उनले गरेको कठोर संघर्षको स्मरण गरे । ‘विसं २०३९ साउन ६ गते निधन भएका बीपी कोइरालाले नेपालको प्रजातान्त्रिक आन्दोलनमा अतुलनीय योगदान पुऱ्याउनुभयो,’ नेता सिंहले भने, ‘उहाँ नेपाली साहित्यका क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याउने एक महान् व्यक्तित्व हुनुहुन्थ्यो ।’ विसं १९७१ भदौ २४ गते जन्मिएका कोइराला विसं २०१५ को संसदीय निर्वाचनपछि विसं २०१६ जेठमा नेपालका पहिलो निर्वाचित प्रधानमन्त्री बनेका थिए ।

नेपाली साहित्यमा मनोवैज्ञानिक यथार्थवादी धाराका प्रवर्तक कोइरालाका ‘तीन घुम्ती’, ‘मोदी आइन’, ‘हिट्लर र यहुदी’, ‘सुम्निमा’, ‘नरेन्द्रदाइ’ र ‘बाबु, आमा र छोरा’ गरी छवटा उपन्यास प्रकाशित छन् । उनका ‘श्वेत भैरवी’ र ‘दोषी चस्मा’ नामक दुई कथा सङ्ग्रह पनि छन् । पूर्व गाउँपालिका अध्यक्ष राम अयोध्या यादव, महासमिति सदस्य राम बाबु राय, युवा नेता गजेन्द्र साह लगायतका नेताहरूको सहभागिता रहेको प्रचार प्रसार विभाग मधेश प्रदेशका सचिव निकेश त्रिपाठीले जानकारी दिए ।

**वीरगंजमा पनि मनाइयो बिपी जयन्ती**

नेपाली कांग्रेसले विश्वेश्वर प्रसाद कोइराला (बिपी)को ४३औं स्मृति दिवसका अवसरमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ । यो कार्यक्रम पर्सा जिल्लाको पिपरास्थित सिद्धार्थ माध्यमिक विद्यालय परिसरमा आयोजना गरिएको थियो । कार्यक्रमका मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीले वृक्षारोपणको महत्त्वमाथि प्रकाश पार्दै वातावरण संरक्षणका लागि सबैलाई योगदान गर्न आग्रह गरे । सहभागीहरूले वातावरणीय सन्तुलन र हरियाली प्रवद्र्धनको महत्त्वबारे छलफल गरेका थिए । नेपाली कांग्रेस क्षेत्रीय कार्य समिति, क्षेत्र नम्बर १, पर्साले आयोजना गरेको कार्यक्रम स्वर्गीय कोइरालाप्रति सम्मान र वातावरण संरक्षणको सन्देश फैलाउने उद्देश्यले गरिएको आयोजकहरूले बताए । वृक्षारोपणमा वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमको सहभागिता थियो ।

**रौटहटमा विचार गोष्ठी**

नेपाली कांग्रेसका संस्थापक बिपी कोइरालाको ४३ औँ स्मृति दिवसको अवसरमा रौतहटमा वृक्षारोपणसहित विचार गोष्ठी कार्यक्रम गरिएको छ । नेपालमा प्रजातन्त्रको स्थापनाका लागि कठोर सङ्घर्ष गर्दै २०३३ पुस १६ गते राष्ट्रिय एकता र मेलमिलापको नीति लिइ स्वदेश फर्किएका बिपीको २०३९ साउन ६ गते निधन भएको थियो । यस दिनलाई कांग्रेसले वीपी स्मृति दिवसको रूपमा मनाउँदै आएको छ ।

# बोलेरोको ठक्करी पर्साका युवाको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
चितवनमा बलेरोले ठक्कर दिँदा पर्सा जिल्लाको युवकको मृत्यु भएको छ ।

बलेरोको ठक्करबाट पर्सा जिल्लाको वीरगंज महानगरपालिकाका युवकको मृत्यु भएको चितवन प्रहरीले जनाएको छ । प्रहरीका अनुसार मृत्यु हुनेमा पर्साको वीरगंज महानगरपालिका वडा नम्बर–११ का ३१ वर्षीय राम अवतार छन् ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी प्रवक्ता रवीन्द्र खनालका अनुसार सोमबार राति खैरहनी नगरपालिका–१ शाहीचोकमा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको ना३च ६६१० नम्बरको बलेरोले पैदलयात्रीलाई ठक्कर दिएको थियो । ठक्करबाट गम्भीर घाइते अवतारको उपचारका क्रममा पुरानो मेडिकल कलेजमा गएराति मृत्यु भएको हो । ठक्कर दिने बलेरो र चालक प्रहरीको नियन्त्रणमा रहेको चितवन प्रहरीले जनाएको छ ।

# अतिक्रमणमा परेको जग्गा फिर्ता गरेर वृक्षरोपण

**वीरगंज ।**
डिभिजन वन कार्यालय पर्साले गादीमाई साझेदारी वनको अतिक्रमणमा परेको जग्गा फिर्ता गरेर वृक्षारोपण गरेको छ । पर्टेवासुगौली वडा नम्बर २ मा रहेको करिब छ हेक्टर वन क्षेत्र सर्वसाधारणले अतिक्रमण गरेर खेती गर्दै आइरहेका थिए । डिभिजन वन कार्यालय र गादीमाई साझेदारी वनको सक्रियतामा अतिक्रमणमा परेको जग्गा फिर्ता गरेर अहिले विभिन्न पाँच प्रजातिका १० हजार बिरुवा रोपिएको छ ।



डिभिजन वन कार्यालयका डिभिजनल वन अधिकृत मञ्जुर अहमदले स्थानीयसँग समन्वय गरेर अतिक्रमणमा भएको वनको जग्गालाई तारजालीले घेरवार गरेर वृक्षारोपण गरेको जानकारी दिए । ‘सर्वसाधारणले साझेदारी वन अतिक्रमण गरेर खेती गर्दै आइरहेका थिए, हामीले यहाँका स्थानीयसँग पटक–पटक छलफल र समन्वय गरेर मात्रै अतिक्रमणमा परेको जग्गा फिर्ता गरेर वृक्षरोपण गरेका हौँ,’ उनले भने । सो ठाउँका कृषकले धान, मकैलगायतका विभिन्न खेती गर्दै आइरहेका थिए । सबडिभिजन वन कार्यालय रङ्गपुरका अधिकृत उज्ज्वल यादवले १० हजारभन्दा धेरै प्रजातिका सिमल, मसला ट्री, शिरिष, खमारी, अम्बा लगायतका प्रजातिका बिरुवा रोपेको जानकारी दिए । ‘अहिले साढे आठ रेक्टर क्षेत्रफलमा तारजाली घेरवार गरेर वन संरक्षणलाई अघि बढाएका छौँ,’ उनले भने ।

**शीतपुरमा वृक्षरोपण गर्न समस्या कायमै**

सखुवाप्रसौनी गाउँपालिका–१ शीतपुरमा साझेदारी वनको जग्गामा स्थानीयले खेती गरेपछि वन संरक्षणमा केही जटिलता थपिएको छ । सोमबार डिभिजन वन कार्यालयका डिभिजन वन अधिकृत अहमद र सखुवाप्रसौनी गाउँपालिका अध्यक्ष यशवन्त यादवसहितका स्थानीयसँग साझेदारी वन संरक्षणको विषयमा छलफलसमेत भएको थियो । विन्दवासिनी कोइलाभार बढनिहार साझेदारी वनका अध्यक्ष रिजवान अन्सारीले सखुवाप्रसौनी–१ शितपुरमा स्थानीयको अतिक्रणको कारणले वृक्षरोपण कार्य प्रभावित भएको बताए ।

‘स्थानीयले साझेदारी वन मातहतको क्षेत्रमा खेती गर्न पाउने भन्ने खालको माग राखेकाले पनि वृक्षरोपण कार्य प्रभावित हुँदै आइरहेको छ,’ उनले भने, ‘सबै निकायसँग समन्वय गरेर वृक्षरोपण र सामुदायिक वन जोगाउने कार्यलाई निरन्तता दिनेछौँ ।’ डिभिजनल वन अधिकृत अहमदले वन कार्यालयले अतिक्रणमा परेका वनको जग्गा फिर्ता गरेर वृक्षारोपणको काम अघि बढाइने बताए ।

‘विगतमा सर्वपक्षीय भेलामा सहमति गरेको ठाउँमा पनि डिभिजन वन कार्यालयलाई तारजाली लगाएर घेरबार गर्न रोक्ने काम भइरहेको छ,’ उनले भने, ‘केही समय समन्वयको प्रयास गर्नेछौँ, सो नभएको खण्डमा वन ऐनअनुसारको आवश्यक कानूनी प्रक्रिया अघि बढाउनेछौँ, हामीले सबै निकायसँग समन्वय गरेर आवश्यक काम अघि बढाउनेछौँ ।’

सखुवाप्रसौनीका अध्यक्ष जशवन्त यादवले भने पहिला अन्य ठाउँमा वृक्षारोपण गरेर मात्रै अहिले खेती गरेको ठाउँमा वृक्षरोपण गर्नुपर्ने माग राख्दै आएका छन् ।

# परीक्षा केन्द्र सारिँदा विद्यार्थीको विरोध

**मधेशदृष्टि**
**सप्तरी ।**
महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजको परीक्षा केन्द्र सिराहाको लहानमा सारिएको भन्दै विद्यार्थीहरू आन्दोलित बनेका छन् ।

मविव क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियनको अगुवाइमा मङ्गलबार विरोध प्रदर्शनमा विद्यार्थी आन्दोलित भएको हो । शुरुमा विज्ञान सङ्कायको परीक्षा केन्द्र लहान सारिएपछि असन्तुष्ट बनेका विद्यार्थीहरूले क्याम्पस प्रशासनमा तालाबन्दी गर्दै विरोध जनाइरहेका थिए । तर त्यसको केही समय नबित्दै एलएलबी र व्यवस्थापन सङ्कायका समेत परीक्षा केन्द्र लहान सारिएपछि विद्यार्थीहरू आक्रोशित बनेका छन् । त्यसको विरोधस्वरूप मङ्गलबार बिहान विद्यार्थीहरूले क्याम्पस परिसरमा टायर बालेर प्रदर्शनमा उत्रिएका छन् ।

सम्पादकीय

# मधेशमा रोपाईं हुन सकेन पानी पनि बाँड्नु पर्ने बाध्यता

*मंगलबार संघीय संसदमा सांसदहरुले मधेशमा पानीको हाहाकारबारे ठूलो हंगामा गरे । मधेशकै खानेपानी मन्त्री छन्, अरु मन्त्रीहरु पनि मधेशमा पानीको समस्याबारे गम्भीर भएर छलफल गरेको खबर आयो । यसरी मधेशको पानीको समाचारले देशव्यापी रुप लिएको छ । यो समस्या समाधानमा के गर्न सकिन्छ भन्ने चिन्तन प्रदेश सरकार, केन्द्र सरकारको छलफलले गम्भीरता देखाउँछ, समस्या समाधानको उपाय चैँ देखिएको छैन । यसको अर्थ मधेशका घरघरमा पानीको अभाव छ, जनतालाई जिल्लैपिच्छे पानी वितरण जरुरी छ ।*

*मंगलबार मात्रै सप्तरीमा प्रदेश सरकारले पानी वितरण गरेर सरकारको सेवा गर्नु परेको समाचार आयो । शुरुमा वीरगंजमा पानीको हाहाकारको समाचार ठूलो आयो । यसपछि यसले क्रमशः अरु जिल्लालाई पनि छोयो । मधेशमा कतिसम्म पानीको संकट छ भने मधेशदृष्टिले मंसिरको पत्रिकामा धनुषामा पानीको स्रोत सुकेको र संक्ट गहिरिने भनेर समाचार चापेको थियो । तर सत्ता चलाउने स्थानीय, प्रदेश र केन्द्र शासकहरुको कानमा बतास नलागेपछि के लाग्छ ?*

*अल्पकालीनरुपमा प्रदेश सरकार, स्थानीय सरकारले पानी वितरण गरिरहेको छ । तर यसले काफी छैन, पानीको स्रोत नै पहिचान र व्यवस्थापन गरिनु पर्छ । सिन्धुलीको मरिनको पानी ल्याएर समस्या समाधान गरिने सरकारको तयारी छ ।*

*तर अहिले मधेशका जनता पानी नपाएर काकाकुल भइसके । यस्तो अवस्थामा छलफल र बैठक काम छैन ।*

# बिपीको स्मरण औपचारिक कुरा मात्र हुनु हुँदैनः



प्राडा शेखर कोइराला

बिपी कोइरालाको नाम सम्झँदा मैले एकै पटक दुईवटा कुरा सम्झन्छु । एउटा उहाँ मेरो ठूलो बुबा हो र हाम्रो कोइराला परिवारलाई राम्रो संस्कार दिनुभएको छ । कोइराला परिवारको संस्कार ममा छ भन्न पाउँदा मलाई आजको दिनमा पनि गर्व लाग्छ । यो कुरा कोइरालाबाट आएको हो । उहाँको योगदानको फेरि अर्कै पाटो छ । त्यो कुनै बेलामा म चर्चा गरुँला । तर हामीलाई राजनीतिक र पारिवारिक संस्कार दिने कोही हो भने त्यो बिपी कोइराला नै हो ।

अर्को कुरा पनि छ, यो फेरि परिवारभित्रको योगदानको विषय मात्र हैन, हामी परिवारका सदस्यलाई उहाँले जे सिकाउनु भयो, उहाँको समीपमा जाने जो कोही, चोह त्यो कांग्रेसको कार्यकर्ता होस् वा कुनै व्यक्ति मात्र किन नहोस्, उहाँले हामीलाई जसैगरी उसलाई पनि एउटा मार्गनिर्देश गर्नुहुन्थ्यो । सबैलाई एकै किसिमको व्यवहार गर्ने उहाँको उद्धृत स्वभाव म सम्झन्छु बिपीको नाम आउँदा ।

अर्को कुरा, म लोकतन्त्रप्रतिको उहाँको विश्वास, त्यसका लागि उहाँको आजीवन लडाइँ र सम्झौताहीन व्यक्तित्वलाई एकैपटक स्मरण हुन्छ । जनताप्रतिको उहाँको विश्वास अत्यन्त उच्च थियो । उहाँले पटकपटक भन्नुहुन्थ्यो, २००७ सालको क्रान्ति अगाडि दुईवटा राजा भए, त्रिभुवन र ज्ञानेन्द्र । ज्ञानेन्द्रसँग राणा थिए, दरबार भयो, श्रीपेच भयो, आर्मीले सुरक्षा थियो । त्रिभुवनसँग यी सबै थिएन, भारतमा भागेर गएका थिए । त्यस्तो बेलामा पनि राजाका रुपमा त्रिभुवन नै स्थापित भए । त्यो किनभने जनक्रान्तिको साथ त्रिभुवनलाई रह्यो । बिपीको यो विश्लेषण पहिलोपटक सुन्दा मलाई अचम्म नै लाग्यो । जनताप्रति उहाँको कत्रो विश्वास हो ? त्यसकारण उहाँले तिनै जनताका लागि आफूलाई सधैँ समर्पित गर्नुभयो । जनता के चाहन्छन् ? उहाँ बुझ्न चाहनुहुन्थ्यो । लोकतन्त्रको ‘फ्रेम’ भित्र जनताको चाहनालाई राखेर उहाँले रणनीति बनाउनुहुन्थ्यो । म बिपी कोइरालाको नाम सम्झना साथ यी कुराहरु स्मरण गर्छु र सोच्छु अहिलेका हामीहरुले कसरी त्यो बाटो समात्ने र उहाँको सोच अनुसारले राजनीतिलाई ‘ड्राइभ’ गर्ने भनेर । यही सोचाइले नै मलाई अन्तरमनदेखि ऊर्जा जगाउँछ ।

अहिलेको समकालीन राजनीतिक अभ्यास बिपीले सोचे वा चाहेको जस्तो छैन । यो कुरा म प्रस्टसँग भन्दछु । कोही कसैको चित्त दुख्ला, त्यसमा मलाई मतलब भएन । तर, सत्य बोल्न प¥यो । सत्यको बोली फुट्यो भने न सुधारको बाटो बन्छ । बिपीले भन्नुहुन्थ्यो नि, ‘जब सत्यको मुख बन्द हुन्छ, तब मिथ्याको थुतुनो चल्छ ।’ हामीले मिथ्याको थुतुनो चल्न दिन त भएन नि । त्यसैले मैले बोल्छु । यो बिपीले हामीलाई दिएको संस्कार हो । यही नै हाम्रो ऊर्जा हो । नेतृत्वलाई गल्ती गर्दा औँला उठाउन सक्ने कार्यकर्ता चाहिन्छ भन्नुहुन्थ्यो बिपीले । मैले बाहिर बोल्दै हिँड्ने कुरा होइन, तर पार्टीको केन्द्रीय समितिको बैठकमा त्यही भएर सत्य बोलेँ । कोही साथीहरु रुष्ट पनि भए म बोल्दा । तर बुझ्नुपर्ने कुरा के हो भने मैले त्यहाँ सत्य बोलेको हो, सुधारको बाटो खोज्नका लागि गरिएको प्रयत्न थियो । यो बिपीले सिकाएको लाइन हो भन्ने ठानेको छु ।

बिपीले राजनीतिमा मूल्यको, नैतिकताको कुरा गर्नुहुन्थ्यो । अहिलेको समकालीन राजनीतिमा यी दुवै कुराहरु हराउँदै गएको देख्दछु । मूल्यबिनाको राजनीति, नैतिकता बिनाको राजनीति त खाली भीडतन्त्र हुन्छ । हामीले लोकतन्त्र खोजेको हो, यो भीडतन्त्र हुन थाल्यो कि भन्ने चिन्ता सबैमा देख्छु । नागरिकमा व्याप्त निरासाको प्रमुख कारण म यही ठान्छु । भीडतन्त्र हुँदा लोकतन्त्रका आधारभूत मान्यताहरु मर्छन् । लोकतन्त्रका आधारभूत कुराहरु मरे भने राजनीतिमा अराजनीतिक सोच हाबी भइदिन्छ । अहिलेको भीडतन्त्रले त्यही ‘रिजल्ट’ दिनेछ । म त यस कुरामा प्रस्ट छु । त्यसैले मैले बढी चिन्ता गरिरहेको छुँ । संवादहीनताको अन्त्य गरी लोकतान्त्रिक शक्तिहरुका बीचमा छलफल चलाउनुपर्ने देखेर मैले अग्रसरता लिएको पनि छुँ । तर यो मात्रै पर्याप्त म ठान्दिन । यसतर्फ साझा सोच बन्नुपर्छ, कम्तीमा लोकतान्त्रिक सोच भएका व्यक्तिहरु र शक्तिहरुमा । बिपी सधैँ संवादमा विश्वास गर्नुहुन्थ्यो । लोकतन्त्रलाई जीवन्त राख्नका लागि संवाद अनिवार्य हुन्छ भन्ने कुरा बिपीले हामीलाई सिकाएर जानुभएको छ । बिपीले सिकाएका यस्ता संस्कारगत कुराहरुको अनुसरणमा हामी गम्भीर हुनुपर्दछ भन्ने म ठान्दछु ।

अर्को कुरा, बिपी सधैँ सबैलाई आफ्नो विवेकको उच्चतम प्रयोग गर भनेर प्रेरित गर्नुहुन्थ्यो । ‘एक मुठी माटो छातीमा टाँसेर सोच, जे उत्तर आउँछ त्यही गर’ भन्नुहुन्थ्यो । उहाँले कहिले पनि मैले यस्तो सोचेको छु, त्यसै अनुसार गर भनेर निर्देशन दिनु भएन । कम्युनिष्टहरुले कार्यकर्तालाई ‘मेनिफेस्टो’ दिन्छन् । तर बिपीले आफ्नो विवेक प्रयोग गर्न प्रोत्साहन गर्नुभयो । यसको पछाडिको दर्शनलाई बुझेनौँ भने हामीले लोकतन्त्र पनि बुझ्दैनौँ, बिपीलाई पनि बुझ्न सक्दैनौँ । अब हामीले आफ्नो विवेकको प्रयोग गरेर वर्तमान अवस्थाको विश्लेषण गर्नसक्नु प¥यो, समस्याको पहिचान गर्नसक्नु प¥यो, समाधानका लागि साझा रणनीति बनाउन सक्नुप¥यो । यो बाटोमा हिँड्नका लागि हामीबीच जतिधेरै सहकार्य हुनसक्यो, त्यति छिटो हामीले बिग्रेको परिस्थितिलाई सम्हाल्न सक्दछौँ । मेरो प्रयत्न यसैतर्फ केन्द्रित छ, तर यसमा साथ त चाहिन्छ ।

बिपी कोइरालासँगका स्मरणहरु प्रशस्तै छन् । उहाँको स्मृति दिवसमा हामीले उहाँलाई सम्झने सम्मान व्यक्त गर्ने र उहाँको समाजवादी चिन्तनलाई नागरिक संस्कारका रुपमा स्थापित गर्नका लागि के गर्नुपर्छ, त्यो गर्नका लागि प्रतिबद्ध हुने हो । समाजवादी संस्कारसहितको समाजले मात्रै बिपीले परिकल्पना गरेको झैँ प्रजातान्त्रिक समाजवादको व्यावहारिक कार्यान्वयन सम्भव छ । यो गम्भीर विषय हो । आत्मनिर्भर गाउँ बनाउने, स्रोतसाधनको अत्यधिक सदुपयोग गर्ने, समाजवादी चरित्रको गाउँ बनाउने, ग्रामीण सभ्यता बोकेको समुदाय निर्माण गर्ने कुरा स्वयं समाजले मात्रै गर्न सक्छ । बिपीको समाजवादको सार पक्ष यही हो भनेर मैले बुझेको हुँ ।

उत्पादनको वृद्धिमा र न्यायपूर्ण वितरण प्रणालीमा पनि समाजका सदस्यहरुकै हस्तक्षेपकारी भूमिकाको खोजीले बिपीको समाजवादलाई कार्यान्वयन गर्न सकिन्छ भन्ने लाग्छ । उत्पादन वृद्धिका लागि सीप र ज्ञान चाहिन्छ । अहिलेको ‘जेन–जी’ पुस्तालाई त एआईले नै दुवै कुरा एकैपटक सिकाउन सक्छ । यो ठूलो अवसर हाम्रा अगाडि छ । यो अवसरलाई हामीले गुमाउनु हुँदैन । ‘तरुणहरु तिमी जे आट्छौँ, त्यो गर्न सक्छौँ’ भन्नुहुन्थ्यो बिपी । तरुणहरुप्रति उहाँको यति ठूलो विश्वास थियो । अहिलेका तरुणहरुप्रति पनि त्यही विश्वास हो उहाँको । अहिलेका तरुणहरुलाई असल मार्गनिर्देश हामी गर्छौं । त्यसकारण आत्मबल बढाउनु प¥यो सबैले ।

उहाँले विद्यार्थीहरुलाई ‘सिर्जनाका स्रोत’ ठान्नुहुन्थ्यो । हाम्रो राजनीतिले त्यो वातावरण बनाउनुप¥यो । यी धेरै कुराहरु यस्ता छन्, जो हामीले गम्भीर भएर सोच्ने र दायित्व ठान्ने हो भने गर्न सकिन्छ । तर खै के कुराले हाम्रा साथीहरु यस्ता कुराहरुमा अलमल गरेको देख्दछु । अलमलिनु जरुरी नै छैन । बिपीलाई स्मरण गरौँ, इमान्दार प्रयत्न गरौँ हामी गर्न सक्छौँ । बिपीलाई स्मरण गर्दा हामीले यो आत्मविश्वास जगाउन सक्यौँ भने हामीले उहाँलाई सही रुपमा सम्झेको ठहर्छ, हैन भने एउटा औपचारिकता मात्र हुन्छ । लोकतन्त्र राजनीतिक पद्धति मात्रै हैन, यो जीवनशैली हो । त्यसकारण यसलाई संस्कारका रुपमा ग्रहण गर्ने हो । त्यसकारण बिपीलाई स्मरण गर्ने कुरालाई हामीले औपचारिकताका रुपमा मात्र नलिऔँ । यसलाई लोकतान्त्रिक चेतको जागरण गर्ने दिनका रुपमा लिन सकौँ । आज म सबै लोकतन्त्रवादी साथीहरुलाई यही आग्रह र अपिल गर्न चाहन्छु । बिपीप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछु । रासस

# बिपी समावेशी लोकतन्त्रका प्रणेता



धर्मेन्द्र झा

नेपाली कांग्रेसका संस्थापक नेता बिपी कोइराला कांग्रेसका मात्र नभएर समग्र लोकतान्त्रिक आन्दोलनका शिखर पुरुष हुनुहुन्थ्यो, यो भन्न कञ्जुस्याइँ गरिरहनु जरुरी छैन । उहाँ यथास्थितिवादी राजनीतिका एक यथास्थितिवादी नेता हुनु हुन्थेन, बरु विचार र दर्शनका आधारमा विद्यमान राजनीतिलाई गति दिनसक्ने र समयानुकूल मोड्न सक्ने तथा तार्किक निष्कर्षमा पुर्याउन सक्ने क्षमतायुक्त राजनेता हुनुहुन्थ्यो ।

राजनीतिमा विकसित प्रत्येक परिस्थितिलाई प्रजातन्त्र अनुकूल बनाउन सक्ने अद्भूत क्षमता र व्यवहार कुशलता भएका अन्तरराष्ट्रियस्तरको राजनेताका रूपमा उहाँ सुपरिचित हुनुभयो । नेपालको राजनीतिमा बिपी कोइराला एउटा व्यक्तिमात्र नभएर युगद्रष्टा पनि हुनुहुन्थ्यो भनेर भनियो भने अतिशयोक्ति हुने छैन । जति बेला नेपालको समाज विकसित भइसकेको थिएन उहाँले उतिबेलै मुलुकको समृद्धिको सपना देखिसक्नुभएको थियो । सपना देख्ने मात्र होइन, त्यसलाई कार्यान्वयन गर्ने परिकल्पनासहितको योजनाको खाका पनि बनाइसक्नुभएको थियो । नेपालका सन्दर्भमा झण्डै १८ महिने उहाँको प्रधानमन्त्रित्वकाल प्रजातन्त्रका लागि स्वर्णकाल मानिन्छ । यो अवधि देशको आधुनिकीकरण अनि विकासको दिशामा एउटा प्रस्थानविन्दु मात्रै थिएन, बरु त्यो प्रस्ट दृष्टिकोण र दूरदृष्टिपूर्ण राजनीतिको एउटा सुरूआत पनि थियोभन्दा अस्वभाविक हुँदैन । उहाँको नेतृत्वमा समाजवादको मौलिकीकरण अनि सिद्धान्तको राजनीतिको गर्भरचना हुन सकेको थियो र देशको एउटा भविष्यरेखा कोरिएको थियो । आज नेपाली राजनीतिमा त्यो नै बिपी चिनाउने एउटा विम्ब बनेको छ । यतिमात्र होइन, आज नेपालको विकासको खाकाको बिपीकै चिन्तनमा आधारित छभन्दा असङ्गत ठहर्दैन । आर्थिक रूपान्तरण गरी जनताको जीवनस्तर माथि नउठाएसम्म लोकतन्त्र फलदायी हुन सक्दैन र लोकतन्त्रको अभावमा देशको विकासले कोल्टो फेर्न असम्भव हुने दर्शनका आधारमा उहाँले उद्योग, कलकारखाना स्थापनामा जोड दिनुभएको थियो । उहाँले जनता केन्द्रित राजनीतिका आधारमा नेपाली समाज र भूगोललाई जोड्ने कालजयी प्रयास गर्नुभएको थियो । उहाँले राजनीतिलाई नयाँ अर्थ प्रदान गर्ने सन्दर्भमा बहिष्करणमा परेका जात, समुदाय र भूगोललाई राज्यको मूलधारमा प्रवाहीकरण गर्ने अवधारणा कार्यान्वयनको प्रयास थाल्नुभएको थियो । आज समावेशीका नाममा राजनीति गर्नेहरूले बुझ्नु जरुरी छ, बिपीले उतिबेलै समावेशी सिद्धान्तको प्रतिपादन मात्र होइन कार्यान्वयन नै गर्नुभएको थियो र राष्ट्र निर्माणको प्रक्रियालाई दिशानिर्देश गर्ने प्रयत्न गर्नुभएको थियो । आज समावेशीकरणको कुरा जति भएको छ, त्यसको आधार बिपीले २०१५ सालमै खडा गरिसक्नुभएको थियो । उहाँँको मन्त्रिमण्डल, उहाँँले नियुक्ति गरेका व्यक्तिहरूलाई हेर्दा देशको सबै भूगोल, जातजाति, वर्ग समुदायको प्रतिनिधित्व भएको पाइन्छ । यस आधारमा भन्न सकिन्छ कि समावेशीकरणका माध्यमले उहाँले सामाजिक न्यायमा पनि जोड दिनुभएको थियो । उहाँपछिका दिनमा यो अवधारणाको कार्यान्वयनले सार्थक अर्थमा निरन्तरता प्राप्त गर्न सकेन ।

नेपालको राजनीतिक विकासक्रमलाई मिहीन ढङ्गले विश्लेषण गरिएका खण्डमा उहाँको समयमा नेपालको राजनीति एउटा खास भूगोल र क्षेत्रमै सीमित रहेको पाउन सकिन्छ । उहाँले यस अवस्थामा परिवर्तन खोज्नुभयो । समाजको यथार्थलाई राम्ररी बुझ्नुभएका उहाँले बहुलवादमा आधारित समाजवादको नीति तय गर्नुभएको थियो । उहाँले सोहीअनुसारको नीति, योजना र कार्यक्रमहरू ल्याउनुभएबाट यो तथ्यको पुष्टि हुन्छ । यसको एउटा मुख्य उदाहरण भूमि सुधारलाई मान्न सकिन्छ । अहिले देशमा भूमि व्यवस्थासम्बन्धी जे जति काम हुन सकेका छन्, उहाँकै नीतिमा आधारित रहेका छन् ।

बिपी चिन्तनको विश्लेषण्का आधारमा भन्न सकिन्छ, उहाँका लागि आधारभूत मानवीय मूल्य भनेको समानतामा आधारित सिद्धान्त थियो । उहाँमा यो अवस्था प्रजातान्त्रिक पद्धति र समाजवादबाट हासिल हुन्छ भन्ने दृढ विश्वास थियो । कुनै दुईमत हुन सक्दैन, बिपीको यही दृढता नै आजको नेपाली राजनीतिको मार्गदर्शनको सिद्धान्त हो । त्यो बेला नेपाली कांग्रेसले अख्तियार गरेका धेरै नीतिहरू कांग्रेसको गर्भसिद्धान्तअर्थात् समाजवादी दर्शनका विम्ब हुन् । त्यसअघि बीरगञ्जमा सम्पन्न नेपाली कांग्रेसको छैटौँ महाधिवेशनले प्रजातान्त्रिक समाजवादको सिद्धान्तलाई पार्टीको मूल सिद्धान्तका रूपमा प्राणप्रतिष्ठा गरेको थियो । यही महाधिवेशनमा बिपीले प्रस्तुत गरेको समाजवादी समाज निर्माणका लागि राष्ट्रिय योजना समिति निर्माण गर्नेलगायत विभिन्न १८ वटा प्रस्ताव पारित गरेको थियो । उहाँले त्यतिबेला समाजवादी व्यवस्था प्रजातन्त्रात्मक साधन र उपायबाट प्राप्त गर्ने सङ्कल्प गरेका छौँ भन्नुभएको थियो । आज पनि यसैको जगमा नेपाली कांग्रेस बाँचिरहेको छ ।

राजनीतिक दृष्टिकोण र बदलिँदो विश्व राजनीतिका कारण राष्ट्र निर्माणका लागि राष्ट्रिय एकताको आवश्यकता जहिले पनि पर्दछ । लोकतन्त्रलाई सञ्चालन गराउने केही आवश्यकीय संरचनाहरूको कल्पना उहाँले पहिले नै गर्नुभएको थियो । जस्तै, प्रेस स्वतन्त्र नभएसम्म लोकतन्त्र बलियो हुन सक्दैन भन्ने उहाँको प्रष्ट बुझाइ थियो । प्रजातन्त्रको स्थापना र संरक्षणमा आजीवन सङ्घर्ष गरेका बिपी कोइरालाले प्रजातन्त्र र आर्थिक उन्नतिका लागि समाजवादका नाममा अघि सारेका दृष्टिकोण अहिले पनि उत्तिकै सान्दर्भिक छ । उहाँको विश्वास थियो, यस्तो सामूहिक अभियानले नेपाली जनताको भावनात्मक एकताको संस्थागत आधार तयार पार्छ । बिपीको राजनीतिक दूरदर्शिता उहाँको मेलमिलापको नीतिबाट छर्लङ्ग हुन्छ । उहाँ ३० डिसेम्बर १९७६ अर्थात् २०३३ पुस १६ का दिन भारत निर्वासनबाट स्वदेश फर्किनुभएको थियो । निर्वासनको यो आठ वर्ष बिपीका लागि अत्यन्त कष्टपूर्ण, कठिन र सङ्घर्षयुक्त रहेका थिए । निर्वासनबाट स्वदेश फर्कनु स्वयं बिपीका लागि, नेपाली कांग्रेसका लागि र समग्रमा नेपालका लागि निकै महत्वपूर्ण राजनीतिक खुड्किलो रहेको त्यसबेला स्वीकार गरिएको थियो । यो नीति अहिले पनि सान्दर्भिक र सामयिक छ । निकै जोखिम मोलेर नेपाल फर्कने सन्दर्भ बिपीको निकै ठूलो साहसिक निर्णय थियो, । तत्कालीन राजनीतिक अवस्थाको विश्लेषण गर्ने हो भने यो जोखिमको अनुमान सहजै गर्न सकिन्छ । मृत्युदण्डसमेत हुनसक्ने प्रकृतिका आठवटा मुद्दा खेपिरहेका बिपीका लागि स्वदेश आगमनको निर्णय कम जोखिमपूर्ण थिएन । तर बिपी देश, प्रजातन्त्र र राष्ट्रियताको सम्वद्र्धनको उद्देश्य राखी स्वदेश फर्किनुभयो । यो उहाँको राजनीतिक दूरदर्शिता थियो । राष्ट्रियता, प्रजातन्त्र र आर्थिक समृद्धि ‘राष्ट्रिय एकता तथा मेलमिलाप’बाट मात्रै सुनिश्चित हुनसक्छ भन्ने उहाँको सोचलाई सबैले आत्मसात् गर्नु आवश्यक छ । राष्ट्रिय एकता सम्पूर्ण नेपाली जनताको सामूहिक प्रयासबाट हुने अभियान र कार्यले मात्र स्थापित हुन्छ ।

आज नेपालमा राजतन्त्र छैन । कम्युनिष्ट आन्दोलन पनि हिजोको अवस्थामा छैन । विश्वमा असंलग्न आन्दोलन कमजोर भएको छ र प्रत्यक्षतः शीतयुद्धको अवस्था छैन । यस्तोमा प्रश्न उठ्छ, के बिपीको राष्ट्रिय मेलमिलापको नीति आजको अवस्थामा पनि सान्दर्भिक छ ? नेपालमा उदारवादी राजनीतिको प्रणेता मानिने बिपी र नेपाली कांग्रेसको यो नीति आज नेपाललगायत विश्वमा कट्टरपन्थले स्थान ओगटिरहेको अवस्थामा औचित्य छ ? यसको एउटै जवाफ हो, छ । देश आज सङ्घीयतामा गएको छ । नयाँ संविधान कार्यान्वयनको अवस्थामा छ । हिजोका भन्दा फरक राजनीतिक अवस्था छ । राजनीतिमा नयाँ पात्र र विचारको उदय भएको छ । भूराजनीतिक अवस्था संवेदनशील छ । यस्तो अवस्थामा सायद नेपालको राजनीति र समग्र अवस्था हिजोको भन्दा जटिल छ । यस्तोमा उहाँको देखाउनुभएको मेलमिलापको बाटोको सान्दर्भिकता अझ बढेर गएको कुरामा दुई मत हुन सक्दैन । नेपालको विकास अपरिहार्य रहेको अवस्थामा नेपालका सबैथरि राजनीतिक शक्तिका बीच न्यूनतम समझदारीको आवश्यकतालाई अस्वीकार गर्न सकिँदैन । दुर्भाग्यवश उहाँले आफूले थालनी गरेका कार्यक्रम, योजना र नीतिहरूको कार्यान्वयन गर्न लामो समय पाउनुभएन । केही वर्ष उहाँले आफ्नो सोचअनुसार काम गर्न पाउनुभएको भए विश्वका अन्य धेरै राष्ट्रहरूले जसरी समृद्ध बन्न सके, नेपालले पनि त्यही गति समात्न सक्ने थियो । त्यहीँबाटै मुलुकले लामो समयसम्म सही बाटो पहिल्याउन सकेन । फलस्वरूप नेपालले एकदलीय निरङ्कुशता, सशस्त्र द्वन्द्व, राजनीतिक अस्थिरता भोग्नुपर्यो । अब मुलुकमा लोकतन्त्र छ, उहाँको उत्तराधिकारीमाथि उहाँको त्यो सपना पूरा गर्नुपर्ने दायित्व थपिएको छ ।

बिपीका नारा र समाजवादको मन्त्र पढेर अनि कोरा अक्षरमा बिपीको नाम पुकारेर उहाँले देख्नुभएको सपना र उहाँले हाम्रो काँधमाथि छोडेर जानुभएको लक्ष्यको भारीलाई हामीले गन्तव्यसम्म कहिल्यै पुर्याउन सक्दैनौँ । बिपीले यो धर्ती छोड्नुभएको आज ४२ वर्ष पुगिसकेको छ । तथापि हामीलाई उहाँले छोडिजानुभएको कतिपय नीति, सिद्धान्त र आदर्शहरू युगौँयुगसम्म पनि हामीसँगै रहनेछन् । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# विचारका पछि नभई गुटका पछि लाग्दा पार्टी कमजोरः नेता आचार्य

**गण्डकी ।**
नेपाली कांग्रेसका नेता महेश आचार्यले विचारका पछि नभई गुटका पछि दगुर्ने क्रमले पार्टी सङ्गठन कमजोर बन्ने गरेको बताएका छन ।

बिपी कोइलालाको ४३औँ स्मृति दिवसका अवसरमा नेपाली कांग्रेस गण्डकी प्रदेश समितिद्वारा मंगलवार पोखरामा आयोजित कार्यक्रममा नेता आचार्यले पछिल्लो समयमा विचारका पछि नभई गुटका पछि दगुर्ने प्रवृत्ति बढिरहेको बताए । गुटप्रतिको दासत्वले कांग्रेस गाँजिएको बताउँदै उहाँले त्यसबाट माथि उठ्नु जरुरी रहेको धारणा राखे ।

बिपीका निष्ठा, समर्पणबाट वर्तमानमा धेरै सिक्न सकिने बताउँदै नेता आचार्यले सत्ताको मात्रै खेल हुँदा त्यसले देशमा दुर्गति निम्त्याउने जिकिर गरे । प्रजातन्त्र नभई राष्ट्रियता बलियो नहुने उल्लेख गर्दै उनले बिपीले देश र जनताका लागि ठूलो बलिदानी गरेको बताए । पछिल्लो समयमा आर्थिक क्षेत्रमा देखिएको गतिहीनताले निराशा छाएको र सुशासनसँगै देशभित्र रोजगारीको सिर्जनालगायतका कुरामा ध्यान दिनु जरुरी भएको बताए ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य शारदा पौडेलले बिपीकै योगदानका कारण वर्तमानमा आफूहरूले अभिव्यक्ति दिनसक्ने स्वतन्त्रता प्राप्त गरेको बताए । बिपीका आदर्शलाई आत्मसात् गर्दै अघि बढ्न सकेमा त्यसबाट राष्ट्रका लागि उचित मार्गनिर्देश हुने बताए ।

नेपाली कांग्रेस कास्कीका पूर्वसभापति एवं पूर्वमन्त्री यज्ञबहादुर थापाले बिपी विचार आफैँमा आदर्श भएको बताउँदै त्यो कहिल्यै नमर्ने बताए । 'नागरिक ब्रेडले हैन ब्रेनले सञ्चालन हुन्छ' भन्ने बिपीको महान् वाणीभित्र ठूलो कुरा लुकेको उनले बताए ।

नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बराललले पार्टीमा अनुशासन जरुरी रहेको धारणा राखे । नेपाली कांग्रेस गण्डकी प्रदेशका कार्यवाहक सभापति कल्पना तिवारीले बिपी विचार अहिले पनि उत्तिकै सान्दर्भिक रहेको बताउँदै उनका विचार सबैका लागि अनुकरणीय भएको बताए ।

कार्यक्रममा नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रवक्ता माधवप्रसाद बास्तोला (मधु), सहमहामन्त्री कोपिला रानाभाट, प्रशिक्षण विभाग उपप्रमुख प्राडा कुशुमाकर न्यौपाने, नेपाली कांग्रेस कास्कीका पूर्वसभापति कृष्ण केसी, पोखरा महानगर समितिका सभापति सुरेन्द्रमान विजुक्छे, क्षेत्रीय सभापति केशरप्रसाद निर्दोषी, नेपाल दलित सङ्घ गण्डकीका अध्यक्ष परशुराम वि पोखरेलगायतले बिपी विचारलाई आत्मसात् नगर्दा कांग्रेस दिनानुदिन कमजोर बन्दै गएको धारणा राखे ।रासस

# 'सामाजिक सञ्जाललाई सन्तुलित र उत्तरदायी बनाउनुपर्छ'

**काठमाडौँ ।**
राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले सामाजिक सञ्जाललाई सन्तुलित, उत्तरदायी, पारदर्शी र मानव अधिकारमैत्री बनाउन नियमन प्रणालीको आवश्यकतामा जोड दिएकी छन । महिला कानुन र विकास मञ्चले मंगलवार आयोजना गरेको 'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग र नियमन गर्ने सम्बन्धमा बनेको विधेयक २०८१ सम्बन्धमा छलफल' कार्यक्रममा उपाध्यक्ष घिमिरेले विधेयकमार्फत सामाजिक सञ्जाललाई नियन्त्रणभन्दा सन्तुलित र पारदर्शी बनाउँदै मानवअधिकारमैत्री बनाउन नियमन गर्नुपर्नेमा जोड दिए ।

'सामाजिक सञ्जालको प्रयोग आज सूचना, सञ्चार, विचार र आन्दोलनको एक अभिन्न शक्ति बनेको छ,' उनले भने, 'यसलाई पूर्ण रूपमा प्रतिबन्ध गर्नेभन्दा पनि सन्तुलित, उत्तरदायी, पारदर्शी र मानव अधिकारमैत्री नियमन प्रणाली विकास गर्नु हाम्रो साझा जिम्मेवारी हो ।' उपाध्यक्ष घिमिरेले राष्ट्रियसभाका तर्फबाट विधेयकका सबै पक्षहरूमा समितिमा छलफल गरी जनमत, सरोकारवालाको सुझाव, विज्ञहरूको राय र अन्तरराष्ट्रिय अभ्यासलाई समेत समेटेर समावेशी, लोकतान्त्रिक र उत्तरदायी विधेयकको रुपमा यसलाई संसदमा लैजान आग्रह पनि गरे । उपाध्यक्ष घिमिरेले विधेयकले उचित कानुनी प्रावधान समेटेको चर्चा गर्दै यसले समेटेका परिभाषा, व्याख्या, संशोधन र पुनर्विचार गरेर अगाडि बढ्न सकिने धारणा राखे । उनले विधेयकले ऐनको रूपधारण गरेमा पछिल्लो समयमा भइरहेका अनगिन्ती सामाजिक सञ्जालको प्रयोगबाट हुने साइबर अपराधलाई नियन्त्रण गर्ने कानुनी प्रावधानको रिक्ततालाई सम्बोधन गर्न सक्ने विश्वास व्यक्त गरे ।

छलफल कार्यक्रममा विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमलादेवी पन्त, विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहाल र सार्वजनिक नीति तथा प्रत्यायोजित विद्यायन समितिका सभापति मायाप्रसाद शर्माले आफ्ना विचार ब्यक्त गरेका थियो ।रासस

# नेपालमा जबर्जस्ती निष्कासन सम्बन्धी एम्नेस्टीको प्रतिवेदन सार्वजनिक



**काठमाडौँ ।**
एम्नेस्टी इन्टरनेसनल नेपालले सन् २०२० देखि २०२४ का बीच भएका पाँचवटा जबरजस्ती निष्कासनका घटनामा केन्द्रित रही गरेको अध्ययन प्रतिवेदन मंगलवार सार्वजनिक गरेको छ । एम्नेस्टी नेपालका अध्यक्ष विपिन बुढाथोकी र जबर्जस्ती निष्कासनको घटनाबाट पीडित जानुका पौडेलले सो प्रतिवेदन सार्वजनिक गरेका हुन ।

प्रतिवेदनमा देशका धेरै भागका विभिन्न बस्तीमा बस्ने सयौँ नागरिकलाई आवासविहीन बनाएको जबर्जस्ती निष्कासनको निरन्तर अभ्यास भएको देखिएको उल्लेख छ । एम्नेस्टीले साझेदार नागरिक समाज सङ्घ संस्थाहरूसँग मिलेर अनुसन्धान गर्दा सन् २०२४ मा कैलाली, सिरहा, सुनसरी र झापामा गरिएका दुई अनुसन्धान भ्रमणका क्रममा गरिएका स्थलगत अनुसन्धानका साथै गरेको निरन्तरका दस्तावेजीकरण र वकालतका प्रयासमा आधारित रहेको जनाएको छ ।

एम्नेस्टीका निर्देशक निराजन थपलियाले प्रतिवेदनको मुख्य विषय प्रस्तुत गर्दै खासगरी अनुसन्धानमा पाँचवटा जबर्जस्ती निष्कासनका घटनालाई प्रतिनिधिमूलक घटनाका रूपमा अभिलेख गरिएको जानकारी दिए । ती पाँच स्थानमा २०७७ साउन ३ गते चितवनको माडी नगरपालिका, २०७८ वैशाख १८ गते कैलालीको घोडाघोडी नगरपालिका, २०७९ मङ्सिर १२ गते काठमाडौँ महानगरपालिकाको चापावली, २०८१ असार ९ गते धनगढी उपमहानगरपालिकाको पुरानो विमानस्थल क्षेत्र र २०८१ असार ११ गते कैलालीको भजनी नगरपालिकाको भजनीमा बसिरहेको अवस्थामा राज्यका निकायले आवासविहीन बनाएको घटना उल्लेख गरिएको छ ।प्रतिवेदनमा अनुसन्धानले १६ केन्द्रित समूह छलफल गरी भूमि समस्या समाधान आयोग र राष्ट्रिय मानवअधिकार आयोगजस्ता सङ्घीय अधिकारीका साथै प्रादेशिक तथा स्थानीय अधिकारीसमेत गरी १५ व्यक्तिगत अन्तर्वार्ताका निचोडलाई समावेश उल्लेख छ । 'भूमिहीन सुकुम्बासी' (भूस्वामित्व दर्ता नभएका नागरिक) र अव्यवस्थित बसोबासी (केही दर्ता गरिएको जग्गा भए पनि सरकारी जग्गामा बसोबास गरिरहेका)लाई जग्गाको स्वामित्व प्रदान गर्नेलगायत जबर्जस्ती निष्कासनलाई रोक्ने सम्बन्धमा नेपालको संविधान र बाबासको अधिकारसम्बन्धी ऐन, २०७५ तथा भूमि ऐन, २०२१ लगायतका कानुनमा महत्वपूर्ण प्रावधान भएपनि त्यसको प्रयोग नगरेको उल्लेख छ ।

आवासको अधिकारसम्बन्धी ऐनले कुनै पनि निष्कासन प्रक्रियामा पालना गर्नुपर्ने प्रक्रियागत संरक्षणात्मक उपायलाई प्रस्तुत गरी अन्तरराष्ट्रिय कानुनका प्रावधानलाई पनि प्रतिबिम्बित गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । अभिलेख गरिएका घटनामा अधिकारीहरूले प्रभावित समुदायसँग निष्कासनको विकल्पको खोजी गर्न वास्तविक परामर्शमा संलग्न हुनुपर्ने र समुदायलाई पर्याप्त सूचना दिनुपर्ने जस्ता राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानुनमा तोकिएका दायित्वलाई बेवास्ता गरेका बताइएको छ ।

पाँचमध्ये तीनवटा घटनामा तथ्याङ्क सङ्कलन, सामुदायिक संलग्नता, भूमि नक्साङ्कन, दाबी प्रमाणीकरण र भूमि बाँडफाँटका लागि जिम्मेवारी प्राप्त भूमि समस्या समाधान आयोगद्वारा सुरु गरिएको विद्यमान प्रमाणीकरण प्रक्रियाको ठाडो बेवास्ता गर्दै जबर्जस्ती निष्कासन गर्ने वा निष्कासनको प्रयास गर्ने कार्य गरिएको प्रतिवेदनमा उल्लेख छ । नेपालमा अनौपचारिक बस्तीमा बस्ने अधिकांश नागरिक सीमान्तकृत समूहमा पर्दछन् । अनुसन्धानले यी पाँचवटा घटनामा जबर्जस्ती निष्कासनबाट दलित र आदिवासी जनजाति असमानुपातिक रूपमा प्रभावित भएको पाइएको छ ।

'अनुसन्धानका क्रममा अभिलेख गरिएका भनाइले जबर्जस्ती निष्कासनका कारण हुने गम्भीर भावनात्मक, शारीरिक र मनोवैज्ञानिक पीडामाथि प्रकाश पारेका छन्, जसले व्यक्ति र परिवारलाई डर, आघात र अस्थिरताको अवस्थामा पु¥याउँछ', प्रतिवेदनमा भनिएको छ, 'अनुसन्धान टोलीद्वारा भ्रमण गरिएका तीनवटै निष्कासन स्थलमा आवासविहीनता स्पष्ट थियो, जुन कुरा भूमिको स्वामित्वको स्थिति जेसुकै भए पनि राज्यले सबै नागरिकलाई जबर्जस्ती निष्कासन गर्ने कार्यबाट संरक्षण प्रदान गर्ने र व्यक्तिलाई आवासविहीन बनाउने कार्य नगर्ने बाध्यकारी अन्तरराष्ट्रिय कानुनी प्रावधानको स्पष्ट उल्लङ्घन हो ।'

प्रतिवेदनमा अभिलेख गरिएका धेरैजसो घटनामा प्रभावित समुदायले निष्कासनका लागि कुनै पनि क्षतिपूर्ति नभएको र पाए पनि एकदमै अपर्याप्त पाएको उल्लेख छ । साथै, पुनर्वासको प्रस्ताव गर्दा पनि प्रभावित समुदायसँगको पूर्वपरामर्श नगरी र परिवारको आकार वा आधारभूत सेवाको प्रावधान जस्ता आवश्यकताको उचित विचार नगरी प्रस्ताव गरिएको पाइएको उल्लेख छ ।

आवासको अधिकारसम्बन्धी ऐन, २०७५ का धेरै प्रावधानलाई कार्यान्वयन गर्न आवश्यक पर्ने नियामक संरचनाको अभावले कानुनी सुरक्षालाई धेरै हदसम्म निष्प्रभावी बनाएको र मौलिक हकको संरक्षणका लागि बनाइएका हालसालैका कानुनसँग बाझिएका पहिलेका कानुनलाई संशोधन गरी कानुनी एकरूपता कायम गर्नमा भइरहेको विफलताले कार्यान्वयनलाई झन् कमजोर बनाएको उल्लेख छ । प्रतिवेदनमा निगरानी संयन्त्रहरू पनि धेरै हदसम्म प्रभावहीन रहेका बताइएको छ ।

एम्नेस्टीले विभिन्न तीन तहको सरकार, न्यायपालिका, संसदीय समिति र मानव अधिकार आयोगलाई सिफारिससमेत गरेको छ । नेपाल सरकारलाई गरेको सिफारिसमा निष्कासन, क्षतिपूर्ति र पुनर्वाससम्बन्धी घरेलु कानुनी प्रावधानमा नेपालको संविधान र अन्तरराष्ट्रिय मानवअधिकार मापदण्डद्वारा सुनिश्चित गरिएको पर्याप्त आवासको अधिकारअनुरूप हुनेगरी एकरूपता कायम गर्ने रहेको छ । त्यस्तै, आवासको अधिकारसम्बन्धी ऐनअन्तर्गतका कानुनी मापदण्डको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नका लागि कुनै ढिलाइ नगरी निष्कासनका लागि आवश्यक पर्ने संरक्षणात्मक उपायका उचित कार्यविधिगत प्रक्रियासहितको आवासको अधिकारसम्बन्धी नियमावली लागू गर्ने रहेको छ । सङ्घीय, प्रादेशिक र स्थानीय सरकारलाई गरेको सिफारिसमा भूमि ऐन, २०२१ को आठौँ संशोधन र आवासको अधिकारसम्बन्धी ऐन, २०७५ द्वारा प्रदान गरिएअनुसार उचित प्रमाणीकरण र पुनर्वासका उपाय अवलम्बन नभएसम्म अनौपचारिक बस्तीबाट सामूहिक निष्कासन नहुने कुरा सुनिश्चित गर्ने रहेको छ ।

न्यायपालिकालाई गरेको सिफारिसमा जबर्जस्ती निष्कासन रोक्न र पर्याप्त आवासको अधिकार सुनिश्चित गर्न विफल भएका अधिकारीलाई जवाफदेही बनाउनका लागि न्यायपालिकाले सार्वजनिक सरोकारका मुद्दाको तत्काल र प्रभावकारी सुनुवाइ र फछ्र्यौट सुनिश्चित गर्ने रहेको छ । साथै, राष्ट्रिय न्यायिक प्रतिष्ठानमार्फत आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी मुद्दाको निर्णयमा न्यायिक संवेदनशीलताका उपाय अवलम्बन गर्ने रहेको छ । राष्ट्रिय मानव अधिकार संस्थालाई गरेको सिफारिसमा निष्कासन, क्षतिपूर्ति र पुनर्वास प्रक्रियाको सक्रिय अनुगमन र निगरानीलाई बलियो बनाउने र पर्याप्त आवासको अधिकारसहित आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उल्लङ्घका लागि अधिकारीहरूलाई जवाफदेही बनाउने रहेको छ ।

आदिवासी जनजाति आयोगका सदस्य विजय रानाले कानुनी रुपमा व्यवस्था गरिएको भए पनि कार्यान्वयनको अवस्था कमजोर हुँदा पीडितले दुःख भोग्नुपरेको बताए । अधिवक्ता राजुप्रसाद चापागाईंले भूमिहीनको समस्या जटिल र विकराल भएकाले सरकारले गम्भीरतापूर्वक लिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा जबर्जस्ती निष्कासनको घटनामा पीडित धन श्रेष्ठले सबैले मानव अधिकारको प्रत्याभूति गर्न पाउनुपर्ने र राज्यले विकल्प नदिइकन डोजर लगाएर जबरजस्ती उठीबास लगाउन नहुने बताए । भूमिविहीन समस्या समाधान आयोगका विज्ञ सदस्य जगल बस्नेतले अहिले करिब १२ लाख भूमिहीनको निवेदन आयोगलाई प्राप्त भएको जानकारी दिए ।रासस

# भ्रष्टाचार नियन्त्रणमा सरकार गम्भीर हुनुपर्नेमा सांसदहरुको जोड

**काठमाडौँ ।**
पछिल्लो समय आर्थिक अनियमितता र भ्रष्टाचारका घटना बढिरहेको भन्दै भ्रष्टाचार नियन्त्रणमा सरकार गम्भीर हुनुपर्नेमा सांसदहरूले जोड दिएका छन । राष्ट्रियसभाको मंगलवारको बैठकमा सांसदहरुले समसामयिक विषयमा धारणा राख्दै भ्रष्टाचार नियन्त्रणको विषयमा सरकारको ध्यानाकर्षण गराएका हुन । सांसद उदयबहादुर बोहोराले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी भ्रष्टाचार गतिविधिमा संलग्न रहेको श्रव्य सामग्री सार्वजनिक भइसकेको भन्दै राजीनामा माग गरेका छन । उनले यस विषयमा निष्पक्ष छानबिन गर्न माग गरे ।

सांसद कमला पन्तले दिगो विकास तथा सुशासन समितिका सदस्यहरूले दिएको समितिको नियमवाली संशोधन प्रस्तावलाई सुनुवाइ नगरिएको भन्दै आपत्ति जनाईन । उनले समितिलाई प्रभावकारी र दिगो बनाउनुपर्नेमा जोड दिईन ।

सांसद जगतबहादुर पार्कीले रोजगारको सिलसिलामा भारत गएका नेपाली नागरिकलाई आधार कार्डका आधारमा व्यापार गर्न दिएको तर नेपाली नागरिकता पनि भएका कारण अनावश्यक दुःख दिने गरेको भन्दै यो समस्या समाधानका लागि सरकारले पहल गर्नुपर्नेमा जोड दिए ।

सांसद दुर्गा गुरुङले कर्णाली प्रदेशमा आएको बाढी र पहिरोका कारण धनजनको क्षति भएको भन्दै समयमै राहत व्यवस्थापन र पूर्वतयारीमा सरकारले ध्यान दिनुपर्ने बताए । सांसद नारायणदत्त मिश्रले निजामती विधेयकमा 'कुलिङ पिरियड' सम्बन्धी फरक धारको संशोधन आएकाले भूमिसम्बन्धी विधेयकमाथि पर्याप्त छलफल गरेर मात्र अगाडि बढ्नुपर्ने सुझाव दिए ।

सांसद भुवन सुनारले जलवायु परिवर्तनका कारण बाढी, पहिरोजस्ता घटना बढिरहेको उल्लेख गर्दै यस्ता विपद् व्यवस्थापनमा सरकार गम्भीर बन्नुपर्ने बताए । सांसद मदनकुमारी शाह 'गरिमा'ले गत असार २९ गते कञ्चनपुरको कृष्णपुर नगरपालिकामा छाउगोठमा बस्ने क्रममा सर्पको टोकाइबाट कमला दमाईंको ज्यान गएको घटनाप्रति दुःख व्यक्त गर्दै छाउगोठ प्रथाको अन्त्य गर्नुपर्नेमा जोड दिईन ।

सांसद मोहम्मद खालिदले सिरहाको कारागारमा कैदीबन्दीबीच आपसमा भएको झडपमा १३ जना घाइते भएको घटनाबारे छानबिन समिति गठन गर्नुपर्ने माग गरे । सांसद युवराज शर्माले जननेता बिपी कोइरालाको सन्देश गणतन्त्रको कार्यान्वयनमा सहायक बन्ने विश्वास व्यक्त गरे ।

सांसद राजेन्द्रलक्ष्मी गैरेले महिला हिंसाविरुद्ध उठाएको आवाज अझै सार्थक हुन नसकेको भन्दै आपत्ति जनाए । सांसद सुरेशकुमार आलेमगरले भने भ्रष्टाचार र अनियमितता नियन्त्रण गर्न सरकार गम्भीर हुनुपर्नेमा जोड दिए ।रासस

# तराईमा खानेपानी र सिँचाइको अभाव भएकामा सांसदहरुको चिन्ता

**काठमाडौँ ।**
तराईमा वर्षा नहुँदा खानेपानी र सिँचाइको अभाव भएको विषयमा सांसदहरुले सरकारको ध्यानाकर्षण गराएका छन् ।

राष्ट्रियसभाको मंगलवारको बैठकमा विशेष समयमा आफ्नो धारणा राख्ने क्रममा सांसदहरुले यस विषयमा गम्भीर हुन र सिँचाइका लागि वैकल्पिक व्यवस्था तथा किसानलाई राहतको व्यवस्था सरकारले गर्नुपर्ने धारणा राखेका छन ।

सांसद मोहम्मद खालिदले विद्यमान सरकार गठबन्धन बन्दै गर्दा भएका राजनीतिक स्थायित्व, सुशासन समृद्धि र संविधान संशोधनजस्ता सहमति कार्यान्वयन हुन नसकेको बताए । सरकारको एक वर्ष बितिसक्दा पनि रोजगारी बढ्न नसकेको, कृषि उत्पादमा उल्लेख्य प्रगति नदेखिएको, सार्वजनिक ऋण बढ्दै गएको उनको भनाइ थियो ।

साउनको पहिलो सातासम्म पनि मधेशमा पानी नपरेको र सुख्खा हुँदा वर्खेबालीका लागि सिँचाइ तथा खानेपानीको चरम अभाव भएको विषय उनले संसदमा राखे । चुरे दोहन, वालुवा–गिट्टीको अवैध उत्खनन्, जङ्गल फडानीजस्ता समस्याका कारण तराई क्षेत्रमा पानीको सतह घट्दै गएको सांसद खालिदले बताए ।

अर्का सांसद तुलप्रसाद विश्वकर्माले तराई क्षेत्रमा वर्षा नहुँदा खडेरी परेको र जमिन मूनिको पानीको सतह घट्दै गएको विषयमा गम्भीर हुन सरकारको ध्यानाकर्षण गराए । सरकारले आर्थिक ऐनमार्फत् सुनचाँदीका गरगहनामा दुई प्रतिशतको विलासिता शूल्क लगाएकोमा व्यवसायी आन्दोलित भइरहेको विषय उनले संसदमा उठाए । सुदूरपश्चिम र कर्णाली क्षेत्रका महिला महिनावारी भएको बेला छाउगोठमा बस्ने कुप्रथा अझै अन्त्य हुन नसकेको विषय उनले सदनमा उठाए ।

सांसद राजेन्द्रलक्ष्मी गैरले जलवायु परिवर्तनका असर बढ्दै गएको बताईन । हाल खण्डवृष्टिका कारण तराई सुक्खाग्रस्त भएको र त्यसले वर्खेबालीको उत्पादन घट्ने देखिएको बताईन । पहाडी क्षेत्रमा बाँदर आतङ्क बढेको विषय उनले सुनाईन । सुक्खाग्रस्त क्षेत्रका किसान र जङ्गली जनावरबाट बालीनाली सखाप भएका किसानलाई सरकारले राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न सांसद गैरेले माग राखिन ।

अर्का सांसद उर्मिला अर्यालले बारा, पर्सालगायतका जिल्लामा खानेपानी र सिँचाइको सङ्कट देखिएको बताए । मधेशका सबैजसो जिल्लामा जलसङ्कट देखिएको उनको भनाइ छ । जङ्गल विनाश बढ्दै गएका कारण त्यसको प्रभाव जलवायुमा देखिएको सांसद अर्यालले बताए । सिँचाइ र खानेपानीका लागि शीघ्र वैकल्पिक व्यवस्था मिलाउन उनले संदनमार्फत् सरकारको ध्यानाकर्षण गराए ।

सांसद गोपाल भट्टराईले संविधान संशोधनको अन्तरवस्तुमाथि छलफल अघि बढ्न नसकेको बताए । राजनीतिक स्थायित्वका लागि दुई ठूला दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बीच गठबन्धन बनेको उल्लेख गर्दै उनले संविधान संशोधन, सुशासन र समृद्धिका लागि थप प्रतिवद्ध हुनुपर्नेमा जोड दिए । वर्तमान सरकार समाजलाई आशातर्फ डो¥याउन सफल भएको र मुलुकको अर्थतन्त्रका सूचक सुधार हुँदै गएको सांसद भट्टराईको दाबी छ । नागरिकका विकास आकांक्षा पूरा गर्न केही ढिलाइ भएपनि सरकार त्यसतर्फ जिम्मेवार भएर लागिरहेको भट्टराईले बताए ।

आजको बैठकमा सांसद पदम बहादुर परियारले नेपाली राजनीतिमा विश्वेश्वरप्रसाद कोइरालाको योगदानको स्मरण गर्दै अहिलेका राजनीतिज्ञहरुले उनिबाट प्रेरणा लिन सक्नुपर्ने धारणा राखे ।रासस

# पाँचखाल नगरपालिकाद्वारा कर नतिर्ने इँटा उद्योग सिल

**काभ्रेपलाञ्चोक ।**
पाँचखाल नगरपालिकाले कर नतिर्ने इँटा उद्योगलाई बन्द गर्न थालेको छ । समयमै कर नबुझाएका पाँच उद्योगलाई कार्यपालिकाको बैठकको निर्णयानुसार बन्द गर्न लागिएको नगरले जनाएको छ । पाँचखालको नगरसभाबाट स्वीकृत भएको आर्थिक ऐन २०८१ को अधिनमा रही व्यवसाय कर चुक्ता गर्नुपर्ने तथा बक्यौता व्यवसाय कर चुक्ता गर्न नगरले पटकपटक पत्राचार गर्दासमेत बेवास्ता गरेकाले २०८१ चैत २६ गते नगर कार्यपालिकाको बैठकको निर्णयानुसार कर चुक्ता नगरेसम्म इँटा बिक्री बन्द गरिएको थियो । नगरमा सञ्चालित इँटा उद्योगले समयमै नगरलाई तिर्नुपर्ने हालसम्मको कर नबुझाएकाले नगर कार्यपालिकाको गत असार १८ गतेको निर्णयानुसार सिल गरिएको जनाइएको छ ।

नगरका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाका अनुसार नगरको पत्राचारलाई बेवास्ता गरी व्यवसायीले अटेर गरेपछि सोमबार सुरक्षाकर्मीसहित नगरका प्रतिनिधिको टोलीले इँटाभट्टा सिल गर्ने प्रक्रिया अगाडि बढाएको छ । नगरलाई कर तिर्न बाँकी रहेका पाँच भट्टामध्ये तीनवटा सोमबार सिल गरिएको र अन्य दुई सिल हुने प्रक्रियामा रहेको सापकोटाले बताए ।

उनका अनुसार पाँचखाल–१२ मा रहेको श्री जय भीमसेन इँटा उद्योग प्रालि र पलाञ्चोक भगवती फिक्स चिम्नी इँटा उद्योग तथा पाँचखाल–७ स्थित सुवर्णेस्वरी इँटा उद्योग प्रालि सिल गरिएको हो । यस्तै पाँचखाल–८ मा रहेको उपकार इँटा उद्योग प्रालि र वडा नं ९ स्थित पलाञ्चोक भगवती ब्रिक इन्डस्ट्रिज प्रालि सिलको प्रक्रियामा रहेको जनाइएको छ । पाँचखालमा आठ इँटा उद्योग सञ्चालनमा छन् ।

यसैबीच गत जेठ अन्तिम साता काभ्रेको मण्डनदेउपुर नगरपालिकाले पटकपटक ताकेता गर्दा पनि कर तिर्न नटेरेको जनाउँदै चार क्रसर तथा इँटा उद्योग बन्द गराएको थियो । नगरप्रमुख टोकबहादुर वाइबाको नेतृत्वमा स्थानीय जनप्रतिनिधि, स्थानीय उद्योग वाणिज्य सङ्घलगायत सम्मिलित अनुगमन टोलीले नगर कार्यालयमा दर्ता नभएका, कर नतिरेका र नवीकरण नभएका क्रसर उद्योग र इँटा उद्योग गरी चार उद्योगमा ताला लगाएको थियो ।रासस

# पुस्तक बिक्रीबाट सङ्कलित रु १२ करोड आविष्कार केन्द्रलाई



**झापा।**
राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष डा महावीर पुनको आत्मकथा 'महावीर पुनः सम्झना, सपना र अविरल यात्रा' पुस्तक दुई लाख १८ हजार प्रति बिक्री भएको छ।
केन्द्रको सहयोगार्थ पुस्तक बिक्रीका लागि विर्तामोड आएका डा पुनले उक्त जानकारी दिएका हुन । उनले पुस्तक बिक्रीबाट १२ करोड रुपैयाँ राष्ट्रिय आविष्कार केन्द्रको खातामा जम्मा भइसकेको बताए । उनको पुस्तकको मूल्य सात सय ५० रुपैयाँ छ।
उक्त रकमलाई उनले केन्द्रले सञ्चालन गर्दै आएको वीरगञ्ज औजार कारखाना र आविष्कार गतिविधिमा खर्च गरिने जानकारी दिए । पुस्तक बिक्रीका लागि एक सातादेखि झापामा रहनुभएका उनलाई संस्थागत र व्यक्तिगत रूपमा आमन्त्रण गरेर पुस्तक किन्ने क्रम बढिरहेको छ।
विर्तामोड नगरपालिकाले सोमबार एक कार्यक्रम आयोजना गरी केन्द्रको सहयोगार्थ ५० हजार रुपैयाँ मूल्य बराबरको पुस्तक खरिद गरेको छ। नगरउपप्रमुख पवित्रा महतरा प्रसाईंले मुलुकलाई आत्मनिर्भर बनाउन पुनको अभियान प्रशंसनीय भएकाले उनको पुस्तक किनेर सहयोग गर्न पाउँदा गर्व लागेको बताईन।
सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत महेन्द्र गिरीले वैज्ञानिक महावीर पुनको देशप्रेम र लगनशीलता अनुकरणीय रहेको चर्चा गर्दै उहाँको पुस्तक किनेर मुलुकलाई आत्मनिर्भर बनाउन योगदान पुर्याउनुपर्ने बताए।
विर्तामोड, दमक, बाह्रदशी, विर्तामोड, बुद्धशान्तिलगायतका पालिकामा स्थानीय सामाजिक संस्था र युवाहरूको अगुवाइमा उनको किताब किन्ने अभियान सञ्चालन भइरहेको छ । विर्तामोडमा सोमबार आयोजित कार्यक्रममा डा पुनले सामाजिक सञ्जालमा नेताहरूलाई गाली गरेर मात्र नबस्न युवाहरूलाई आग्रह गरे। 'देशका लागि आ–आफ्नो तर्फबाट सानो भए पनि योगदान गर्नुपर्छ', उनको भनाइ थियो, 'सामाजिक सञ्जालमा नेताहरूलाई गाली गरेर मात्र हुँदैन ।'उनले राष्ट्रिय आविष्कार केन्द्रमा हाल १५ प्रकारका कृषि औजार उत्पादन भइरहेको जानकारी दिए । ती उपकरण भविष्यमा पालिकाका साना किसानका लागि लाभदायक हुने उनले विश्वास व्यक्त गरे।रासस

# सामाजिक सुरक्षा कोषले बाँड्यो करिब तीन अर्ब ब्याज

**काठमाडौँ ।**
सामाजिक सुरक्षा कोषले आर्थिक वर्ष २०८१/८२ मा योगदानकर्ताको वृद्ध अवस्था सुरक्षा योजनामा जम्मा भएको रकमको ब्याजबापतको रकम वितरण गरेको छ ।
कोषले सो योजनाअन्तर्गत २३ लाख ७९ हजार ५८५ योगदानकर्ताको खातामा दुई अर्ब ८४ करोड ४२ लाख २८ हजार ८२८ रुपैयाँ ब्याज वितरण गरेको सूचना अधिकारी डा रोशन कोजुले जानकारी दिए ।
कोषले गत आवमा वृद्धावस्था सुरक्षा योजनामा जम्मा भएको रकममा गत चैत ४ गतेसम्म ५.५ प्रतिशत र चैत ५ गतेदेखि असार मसान्तसम्म पाँच प्रतिशतले ब्याज दिएको हो ।
कोषमा हालसम्म औपचारिक क्षेत्रका छ लाख तीन हजार ४२६, वैदेशिक रोजगारीमा रहेका १७ लाख ८५ हजार ५७३, अनौपचारिक ७२० र स्वरोजगार ४२२ गरी कुल २३ लाख ९० हजार १४१ योगदानकर्ता सूचीकृत भएका छन् ।
कोषमा ८६ अर्ब ८६ करोड रुपैयाँ योगदान सङ्कलन भएको छ । कोषले विभिन्न सुविधा योजनाअन्तर्गत योगदानकर्तालाई १५ अर्ब ७७ करोड रुपैयाँ दाबी भुक्तानी गरेको छ । कोषले औषधि उपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता, आश्रित परिवार र वृद्ध अवस्था सुरक्षा योजना सञ्चालन गरिरहेको छ ।रासस

# अण्डा उत्पादन घट्यो , मूल्य बढ्यो

**चितवन ।**
अण्डाको मूल्य हालसम्मको उच्च भएको छ । उत्पादन घटेपछि मूल्य बढेको हो । यससँगै किसानले अण्डाको लागत मूल्य पाएका छन् ।
नेपाल लेयर्स कुखुरापालक सङ्घले विभिन्न फार्महरूले सार्वजनिक गरेको दररेटलाई आधार मानी समर्थन मूल्य तोकेको छ ।
आजबाट लागू हुने गरी ठूलो अण्डाको किसानको दररेट प्रतिक्रेट (३० वटाको) पाँच सय २५ रुपैयाँ कायम गरिएको छ । मध्यम चार सय ९५ रुपैयाँ कायम भएको छ ।
चितवनलाई आधार मानी दररेट तय गरिएको हो । यहाँबाट देशका विभिन्न क्षेत्रमा अण्डा पुग्दा बजारको दररेट नयाँ कायम हुन्छ ।
सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार बिक्री मूल्य प्रतिपेटी (सात क्रेट)को तीन हजार ८५५ रुपैयाँ र मिडियमको तीन हजार ६४५ रुपैयाँ कायम गरिएको छ ।
अध्यक्ष पोखरेलका अनुसार यसअघि गत वर्षको भदौमा ठूलो अण्डाको मूल्य प्रतिक्रेट पाँच सय १० रुपैयाँ पुगेको थियो । उनले भने, 'हालसम्मकै उच्च रेट अण्डाको कायम भएको छ ।' यससँगै किसानले लागत मूल्य पाएको उनले बताए । अण्डाको लागत मूल्य प्रतिगोटा १६ रुपैयाँ ५६ पैसा रहेको छ ।
अण्डा उत्पादनमा संलग्न कुखुराको सङ्ख्या घटेर मागअनुसार आपूर्ति हुन नसक्दा मूल्य बढेको जनाइएको छ । साथै बुढा कुखुरा बिक्री भई किसान विस्थापित हुँदा नयाँ चल्ला हाल्न नसकिएकाले पनि उत्पादनमा असर परेको उनले बताए ।
उहाँले भने, 'अहिलेको अवस्थालाई हेर्दा अण्डाको मूल्य क्रमशः बढ्ने देखिन्छ ।' मूल्य बढ्दा किसान उत्साहित भएका छन् । एकिन तथ्याङ्क नभए पनि हाल दैनिक २८–३० लाख गोटा अण्डा उत्पादन भइरहेको अनुमान छ । यो सङ्ख्या पहिलाको तुलनामा झण्डै आधा कम हो ।रासस

# साफ यु–२० महिला टोलीस्वदेश फिर्ता



**काठमाडौं ।**
साफ यू–२० महिला च्याम्पियनसिपमा उपविजेता बनेको नेपाली टोली स्वदेश फर्किएको छ ।
मंगलबार स्वदेश फर्किएका टोलीलाई एयरपोर्टमा एन्फा केन्द्रीय सदस्य तथा महिला कमिटी संयोजक सरिला श्रेष्ठ मलेकु र प्रवक्ता सुरेश शाहले स्वागत गरेका थिए ।
च्याम्पियनसिपमा सर्वाधिक गोल गर्दै गोल्डेन बुट जितेकी खेलाडी पूर्णिमा राईले अन्तिममा आएर बंगलादेशसँगको खेलमा हार व्यहोर्नपर्दा दुःख लागेको बताइन् । छिटो भन्दा छिटो राष्ट्रिय टिममा खेल्ने आफ्नो टार्गेट रहेको पनि उनले सुनाइन् ।
उनले भनिन्,'धेरै मेहेनतका साथ खेलेका हौं । आफ्नो तर्फबाट सक्नेजति गरें । । त्यसैमा खुसी छु । नमिठो हार व्यहोर्नु पर्दा दुःख लागेको छ । तर मेरो टार्गेट भनेको छिटो भन्दा छिटो राष्ट्रिय टिममा खेल्ने नै हो ।' उनले उचित क्याम्प र ट्रेनिङ हुन नसक्दा खेल बंगलादेशसँग पराजित हुन पुगेको पनि बताइन् ।बंगलादेशमा सोमबार भएको फाइनलमा नेपाल घरेलु टोलीसँग ४–० गोलअन्तरले पराजित भएको थियो । नेपालले श्रीलंका र भुटानविरूद्धका दुवै खेलमा जित निकाले पनि बंगलदेशविरूद्धका दुवै खेलमा पराजित भएको हो । नेपाल यसअघि लिग चरणको पहिलो खेलमा बङ्गलादेशसँग ३–२ गोलले पराजित भएको थियो ।डबल राउन्ड रोविन लिगका आधारमा सञ्चालित च्याम्पियनसिपमा यसअघि नेपालले श्रीलङ्कालाई दुवै खेलमा समान ७–० गोलले हराएको थियो ।यस्तै भुटानलाई ६–१ र ८–० गोलले हराएको थियो ।

# काभ्रे अदालतद्वारा ९२ प्रतिशत मुद्दा फछ्र्यौट

**काभ्रेपलाञ्चोक।**
जिल्ला अदालतद्वारा बितेको आर्थिक वर्ष २०८१/८२ मा ९१ दशमलव ७६ प्रतिशत मुद्दा फछ्र्यौट गरेको छ । उक्त आवमा अदालतबाट दुई हजार ३२० मुद्दा फछ्र्यौट लक्ष्य राखिएकामा दुई हजार १२९ अर्थात् ९१ दशमलव ७६ प्रतिशत मुद्दा फछ्र्यौट भएको जनाइएको हो।
सो अवधिमा एक हजार ३५८ पुरानो जिम्मेवारी सरेर आएका मुद्दा थिए। तीसँगै गत आवमा दर्ता भएका दुई हजार २३३ गरी कुल तीन हजार ५९१ मुद्दा रहेकामा दुई हजार १२९ फछ्र्यौट भएको र एक हजार ४६२ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको कार्यालयका स्रेस्तेदार कर्णबहादुर राईले जानकारी दिए । उनका अनुसार अदालतमा दर्ता भएका मुद्दामध्ये सबैभन्दा बढी सम्बन्धविच्छेदका छन् । त्यसमा ६३७ सम्बन्धविच्छेद, चेक अनादरका २४५, अंश चलनका ३३१, भरणपोषण ९८, जबर्जस्तीकरणीका ४४ र अन्य ८७८ रहेका छन्।
यसैगरी, मेलमिलापमा पठाउने मुद्दाको लक्ष्य एक हजार ५६१ रहेकामा २६ दशमलव २५ प्रतिशत अर्थात् जम्मा २९६ पठाइएको जनाइएको छ । मेलमिलाप भएका ७८, मेलमिलाप हुन नसकेका १८५ र मेलमिलाप प्रक्रियामा बाँकी रहेको ३३ मुद्दा रहेको अदालतले जनाएको छ। अदालतले मुद्दाको प्रकृति हेरेर तीन वर्गमा मुद्दाको बाँडफाँट गर्दै सुनुवाइ गर्ने गरेको छ । छ महिनाभित्र सुनुवाइ गर्नुपर्ने सरल मार्गका मुद्दा हुन् भने एक वर्षभित्र र १८ महिनाभित्र सक्नुपर्ने मुद्दा सामान्य तथा विशेषअन्तर्गत पर्छन्।
अदालतले लक्ष्यअनुसार मुद्दा फछ्र्यौट हुन नसक्नाका कारणमा मुद्दाको मार्गबमोजिमका फाँट निर्धारण र स्वचालित पेसी व्यवस्थापन गर्दा अलमल हुनुलाई मुख्य मानेको जनाएको छ। भदौमा न्यायाधीशको सरुवा, तालिम तथा न्यायाधीश बिदामा बस्नु परेको तथा वादी–प्रतिवादीले तारेख गुजार्ने र पेसी स्थगित गर्नुपर्ने कारणले पनि मुद्दा फछ्र्यौटमा कमी भएको देखिएको अदालतले जनाएको छ।
जिल्ला अदालतका प्रमुख न्यायाधीश मातृकाप्रसाद आचार्यका अनुसार विधिविज्ञान प्रयोगशालामा परीक्षणका लागि पठाइएका नमूनाको परीक्षण प्रतिवेदन समयमा नआउने र सरकारवादी मुद्दामा जाहेरवाला, सरकारी साक्षी, पक्राउपुर्जी तथा म्याद तामेली, वतन खुलाउने कार्यमा विलम्ब हुने गरेकाले पनि मुद्दा फछ्र्यौटको लक्ष्य पूरा हुन नसकेको हो । अदालतले आव २०७९/८० मा ६५ दशमलव ३३ प्रतिशत, २०८०÷८१ मा ५८ दशमलव ७९ र गत आर्थिक वर्ष २०८१/८२ मा ५९ दशमलव २८ प्रतिशत मुद्दा फछ्र्यौट गरेको थियो। रासस

# मधेशमा खानेपानी अभाव समाधान गर्न सांसदहरुको ध्यानाकर्षण

**काठमाडौँ ।**
मधेशमा खानेपानीको अभाव देखिएसँगै समस्या समाधानका लागि सांसदहरुले ध्यानाकर्षण गराएका छन । सङ्घीय संसद् राष्ट्रियसभाको बैठकको आकस्मिक समयमा बोल्दै सांसदहरुले खानेपानीको हाहाकारले निम्तिएको परिस्थितिलाई सम्बोधन गर्न माग गरेका हुन ।
सांसद आनन्दप्रसाद ढुङ्गानाले मधेशमा खानेपानी समस्या तत्काललाई मात्र नभई दीर्घकालीन रुपमा नै समाधान गर्नुपर्ने बताए । उनले भने, 'खेत त बाँझो भएको छ नै खानेपानी समेत नपाउने स्थिति देखिन्छ । आगो निभाउने बारुणयन्त्र खानेपानी ओसार्न प्रयोग भइरहेका छन् । यो तत्कालको मात्र होइन दीर्घकालीन समस्या हो । यसको हल गर्नुपर्छ । दीर्घकालीन योजना बनाएर जानुपर्छ ।'
सांसद शेखरकुमार सिंहले सुक्खाग्रस्त समस्या मधेशमा मात्र होइन आउने दिनमा मेचीदेखि महाकालीसम्मै पुग्ने देखिएकाले यसलाई सम्बोधन गर्नु आवश्यक भएको बताए । 'सङ्घीय सरकारले यथाशीघ्र खानेपानी र सिँचाइ व्यवस्था गर्नुपर्छ,' उनले भने ।
बैठकमा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'सङ्घीय निजामती सेवा विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने सम्भावित कार्यसूची छ ।
यस्तै, गृहमन्त्री रमेश लेखकले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुनेछ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र गृह मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको सम्बन्धित मन्त्रीले उत्तर दिनेछन ।रासस

# हिम्मतले नन्दप्रसादलाई आत्मनिर्भर बनायो

**कञ्चनपुर।**
कृष्णपुर नगरपालिका–५ गजरौला बजारको एक कुनामा बिहानैदेखि धुवाँको मुस्लो, समोसाको गन्ध र तातो चियाको बाफले ग्राहक तानिरहेको हुन्छ। ग्राहकका बीचमा त्यही भेटिनुहुन्छ, नन्दप्रसाद तिवारी। चिया र नास्ताको पसलमार्फत उनले आफ्नो परिवार चलाइ रहेका छन।
करिब ५३ वर्षीय तिवारीको जीवन सहज भने थिएन। विक्रम संवत् २०५१ मा भारतको नैनितालमा बसमा उनि सहचालकका रूपमा काम गर्दा दुर्घटनामा परे। उनको दायाँ खुट्टा भाँच्चियो र बायाँ पनि कमजोर भयो। रोजगारी गुमेपछि उनि घर फर्किए । 'घरमै बसेर जिन्दगी चल्दैन भन्ने लाग्यो', उनले भने, 'विसं २०५४ मा मुगुबाट गजरौला झरे, सानो चिया पसल खोलेर जीवनको नयाँ अध्याय सुरु गरे।'
श्रीमती लक्ष्मीका साथमा उनि चिया, समोसा र पकौडा बनाउछन । दुवै जना बिहान ५



देखि बेलुकी ८ बजेसम्म चिया नास्ताको पसल चलाउने गर्छन। त्यसमा उनका छोरा र बुहारीले पनि साथ दिएका छन्। त्यसबाट मासिक ३० देखि ३५ हजार रुपैयाँ सम्म आम्दानी हुन्छ।
पसलकै कमाईले किनेको दुई कट्ठा जमिन भए पनि अधिकांश खाद्य सामग्री बजारमै किन्नुपर्ने बाध्यता छ । यस्तैमा उनले पसलको आम्दानीबाट केही रकम बचत गर्दै दुई कोठाको पक्की घर निर्माण गरेका छन। दैनिक २०० रुपैयाँ सहकारीमा बचत गर्ने उनले वार्षिक एक लाख रुपैयाँ सम्म बचत गर्ने गरेका छन्। उनको पाँच जनाको परिवारको सहारा एक मात्रै त्यही चिया पसल मात्रै रहेको छ । त्यसकै कमाईले परिवारको खर्च चल्छ।
तिवारीले पसल खोलेदेखि दुःखको पनि कम अभाव भोगेका छैन। 'विसं २०६० तिर आगलागीले पसलका सबै सामान जले', उनि विगतलाई सम्झँदै भन्छन, 'विसं २०६४ मा फेरि बाढीले घरभित्रको र पसलभित्रको सबै समान बगाएर लग्यो, हिम्मत हारिन्।'
सानो चुलो, चिया र आत्मबलको सहारामा फेरि नयाँ शिराबाट व्यवसाय सुरु गरेर यहाँसम्म आइपुगेको उनले बताए।
'हरेक दिन नन्दप्रसादकै चिया पसलमा पुग्छौँ', स्थानिय युवा सुरेश विक भन्छन, 'स्वादिष्ट चिया र नास्ता पाइन्छ नै, मेहनतको पाठ पनि पढ्न पाइन्छ, उनले गरेको सङ्घर्ष अनुकरणीय छ।'
उनका अनुसार तिवारी अपाङ्गता भएको भए पनि कामबाट कहिल्यै पछि हटेका छैनन । उनिले भन्छन, 'तिवारीको सङ्घर्ष देख्दा शारीरिक अपाङ्गता आत्मबलको अगाडि बाधा होइन भन्ने प्रमाणित हुन्छ, पसलमा न आकर्षक बोर्ड, न सुविधा सम्पन्न छ, तर श्रम, इमान र निरन्तरता छ, त्यसैले ग्राहले उहाँलाई रुचाउँछन् ।' रासस

# साउनको सोमबार देवघाटमा ३५ हजार भक्तजनको आगमन

**दमौली ।**
साउनको पहिलो सोमबार तनहुँको देवघाटमा ३५ हजार भक्तजन स्नान तथा पूजार्चनाका लागि आएका छन् । यो सङ्ख्या अघिल्लो वर्षको साउनको पहिलो सोमबारको तुलनामा बढी रहेको देवघाट क्षेत्र विकास समितिले जनाएको छ ।

अघिल्लो वर्षको पहिलो सोमबार २५ हजार भक्तजन आएकामा यस वर्ष ३५ हजार भक्तजन बोलबम मेला भर्न आएका समितिका कार्यकारी निर्देशक सदन बरालले राससलाई जानकारी दिए । उनका अनुसार देवघाटमा स्नान गर्नका लागि बिहानैदेखि भक्तजनको घुइँचो लागेको हो ।



साउनमा त्रिशूली र कालीगण्डकी नदीको बहाव बढ्ने हुँदा मेलामा स्नान गर्न आउने भक्तजनको सुरक्षाका लागि तनहुँ र चितवनतर्फ सुरक्षा सतर्कता बढाइएको बरालले बताए । नदी किनारमा बिजुली बत्तीको प्रबन्ध गर्ने, नदीमा स्नान गर्ने भक्तजनको सुरक्षाका लागि डोरीसहितको दुई वटा डुङ्गाको व्यवस्थापन गरिएको उनले जानकारी दिए ।

त्यसैगरी, मेलाअघि प्रत्येक आइतबार र मेला पछि प्रत्येक मङ्गलबार वेणी सङ्गममा सरसफाइ गर्ने पनि बरालले बताए । मेलामा आउने भक्तजनको सुरक्षाका लागि साउन महिनाभर इलाका प्रहरी कार्यालय देवघाटमा प्रहरी जनशक्ति थप गरिएको छ ।

चितवन, तनहुँ र नवलपुरको सङ्गमस्थल देवघाटमा साउनको सोमबार हरेक वर्ष उत्सवका रूपमा मनाइने बोलबम मेलामा देशविदेशबाट हजारौँ भक्तजन आउने गर्छन् । साउने सोमबार देवघाटको पवित्र जल र बेलपत्रले शिवको पूजाआराधना गरे मनोकामना पूरा हुने धार्मिक विश्वास रहेको देवघाट क्षेत्र विकास समितिका पूर्वअध्यक्ष शिवराज पौडेलले बताए ।

पाल्पाका प्रसिद्ध धाम तथा शिव मन्दिरमा पूजाआजा एवं दर्शन गर्ने श्रद्धालु भक्तजनको घुइँचो लागेको छ । सोमबार बिहानै ४ बजेदेखि तानसेनको नारायणस्थान, तिनाउको दोभान सिद्धबाबा मन्दिर, बगनासकालीको बराङ्दीस्थित महामृत्युञ्जय शिवासन, सिद्धबाबा धाम तानसेनको ठुटेपीपल बद्रेश्वर शिवालय, बतासेडाँडा, प्रभास, नारायणस्थान, दमकडा, रामपुरलगायतका शिवालय मन्दिरमा भगवान् शिवको पूजाआजा गर्ने भक्तजनको घुइँचो लागेको हो ।

तानसेनको नारायणस्थान मन्दिरमा यस वर्षदेखि स्नान गर्न कालीगण्डकीको पानी मन्दिर परिसरको पोखरीमा व्यवस्था गरिएकाले पनि भक्तजनको भीड बढेको नारायण युवा क्लबका अध्यक्ष प्रविनराज शाक्यले बताए । उनका अनुसार क्लबको सहकार्यमा यही साउन १ गतेदेखि यहाँको १०८ गौमुखे धारा भक्तजनका लागि खुला गरिएको छ ।

कालीगण्डकी नदीको पवित्र जल प्रयोग गरी भक्तजनलाई स्नानको व्यवस्था मिलाइएको अध्यक्ष शाक्यले बताए । उनका अनुसार साउन महिनाभरि भक्तजनको घुइँचो लाग्ने भएकाले तानसेन खानेपानी उपभोक्ता समितिसँग सहकार्य गरी कालीगण्डकीको पानीको व्यवस्था गरिएको हो ।

अध्यक्ष शाक्यले भने, 'सबै भक्तजनलाई स्नान गर्न कालीगण्डकी जान समय नहुन सक्छ, उहाँहरूका लागि हामीले लिफ्टिङ प्रविधिमार्फत ल्याइएको कालीगण्डकीको पवित्र जललाई १०८ धारामा जडान गरेका छौँ । अब यहाँ स्नान गर्दा भक्तजनले कालीगण्डकीमा स्नान गरेसरह पुण्य प्राप्त गर्ने विश्वास छ ।'

विगतमा मन्दिरमा आएर पूजा गर्ने र स्नानका लागि कालीगण्डकी नदीमा जानुपर्ने बाध्यताको यस वर्षदेखि अन्त्य गरिएकाले नारायणस्थानमा भक्तजनको भीड लागेको क्लबका संस्थापक अध्यक्ष हिमालदत्त श्रेष्ठले जानकारी दिए ।

यस्तै सिद्धपुरुष भर्तृहरिको तपोभूमि तथा आदिमानव रामपिथेकसको विचरण स्थलका रूपमा परिचित सिद्धबाबा पुरातात्विक, धार्मिक एवं पर्यटकीय दृष्टिले महत्वपूर्ण भएकाले यहाँ श्रद्धालुको अलि बढी घुइँचो लागेको मन्दिर व्यवस्थापन समितिले जनाएको छ ।

यहाँ पाल्पासहित रुपन्देही, नवलपरासी, कपिलवस्तुबाट श्रद्धालु आएका छन् । यस्तै पहिलो सोमबारका अवसरमा बगनासकालीको बराङ्दीस्थित महामृत्युञ्जय शिवासनमा पनि पूजाआजा र दर्शन गर्नेको घुइँचो लागेको थियो । रासस

# डडेल्धुरामा व्यावसायिक अनारखेतीबाट ५० लाख आम्दानी गर्ने लक्ष्य

**डडेल्धुरा ।**
डडेल्धुराको अजयमेरु गाउँपालिका–२ का कृषकले व्यावसायिक रूपमा अनारखेती गरेर वार्षिक ५० लाख रुपैयाँ कमाउने लक्ष्य राखेका छन् ।

अजयमेरु–२ स्थित बडीमा बाँझो रहँदै आएको सात सय रोपनी जमिन अहिले अनारका बोटले भरिएको छ ।

वार्षिक ५० लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्यसहित यहाँका कृषकले व्यावसायिक अनारखेती सुरु गरेका हुन् । महादेव अनारखेती समूहले स्थानीय किसानलाई सङ्गठित गर्दै २० हजार रुपैयाँ वार्षिक भाडा तिरेर उक्त जमिन उपयोगमा ल्याइएको हो ।

दश महिनाअघि रोपिएका १० हजार अनारका बिरुवामध्ये हालसम्म आठ हजारभन्दा बढी बिरुवा सप्रिएका अनारखेती समूहले जनाएको छ । यसै वर्षदेखि फल दिन थालिसकेका जनाउँदै समूहका अध्यक्ष मदनराज पनेरुले बिरुवा रौतहटबाट मगाइएको बताए ।

जिल्लास्थित कृषि ज्ञान केन्द्र र समूहको संयुक्त आर्थिक लगानीमा सञ्चालित यो आयोजनामा अहिलेसम्म ६५ लाख रुपैयाँ लगानी भइसकेको अध्यक्ष पनेरुले जानकारी दिए । उनका अनुसार स्थानीय सरकार र कृषकको सहकार्यमा सञ्चालन भएको यस कार्यक्रमलाई कृषि पर्यटनसँग जोड्दै थप प्रवद्र्धन गर्ने लक्ष्य राखिएको छ ।

बृहत् अनारखेती कार्यक्रमलाई कृषि पर्यटनका रूपमा विकास गर्ने प्रयास थालिएको अजयमेरु–२ का वडाध्यक्ष शिवराज भट्टले बताए । बडीमा सुरु गरिएको बृहत् अनारखेती परियोजना भविष्यमा कृषि पर्यटन आकर्षक गन्तव्य बन्नसक्ने उनको भनाइ छ ।
कृषि ज्ञान केन्द्रका प्रमुख नरेन्द्र पनेरुले सो क्षेत्र अनारखेतीका लागि उपयुक्त भएको 'अनारखेतीको जोन' का रूपमा आगामी दिनमा विस्तार गर्ने योजना रहेको जानकारी दिए ।

किसानले लगाएको अनार फल्न सुरु भएकाले सो क्षेत्र व्यावसायिक अनारखेतीका लागि उपयुक्त मानिएको उनले बताए । उनका अनुसार अनार दुई हजार मिटर अग्लो स्थानसम्म फल्ने गर्दछ । रासस

# देशभर करिब ७२ प्रतिशत धान रोपाइँ सम्पन्न

**काठमाडौं ।**
यस वर्ष देशभर करिब ७२ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । गत वर्ष सोही अवधिको तुलनामा रोपाइँ १२ प्रतिशतले कम हो । देशभर करिब १० लाख हेक्टर क्षेत्रफल जमिनमा रोपाइँ सम्पन्न भएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ । मुलुकमा करिब १४ लाख हेक्टर जमिनमा रोपाइँ हुने मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए ।

सुदुरपश्चिम प्रदेशमा सबैभन्दा बढी ९७ प्रतिशत रोपाइँ भएको छ भने कर्णाली र लुम्बिनी प्रदेशमा ८८ प्रतिशत रोपाइँ सम्पन्न भएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सूचना अधिकारी जोशीले जानकारी दिए । उनका अनुसार मौसमको प्रतिकूलताले असर देखा नपरे साउनको अन्तिम सातासम्म ९८ प्रतिशत रोपाइँ हुने अनुमान गरिएको छ ।

सुदुरपश्चिम प्रदेशमा करिब ९७ प्रतिशत रोपाइँ सम्पन्न हुँदा एक लाख ७१ हजार हेक्टरमा रोपाइँ भएको सूचना अधिकारी जोशीले उल्लेख गरे । प्रतिशतका हिसाबले यहाँ सबैभन्दा बढी रोपाइँ सम्पन्न भएको छ । उनका अनुसार बागमती प्रदेशमा ८७ प्रतिशत रोपाइँ सम्पन्न हुँदा एक लाख पाँच हजार हेक्टरमा रोपाइँ सकिएको छ ।

गत वर्ष यही अवधिमा करिब ८४ प्रतिशत धान रोपाइँ भएको थियो । मन्त्रालयले आइतबारसम्म सङ्कलन गरेको तथ्याङ्कअनुसार देशका केही भागमा रोपाइँ जारी छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सूचना अधिकारी जोशीका अनुसार धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ । 'सो क्षेत्रबाट धानको उत्पादनमा वृद्धि भई कूल उत्पादनको ७० प्रतिशत योगदान छ । पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको छ', उनले भने ।

आव २०८०÷८१ मा ५७ लाख २४ हजार २३४ मेट्रिकटन धान उत्पादन भएको थियो । मौसमको प्रतिकूलता, दैवी प्रकोप, अतिवृष्टि तथा अनावृष्टिले रोपाइँमा नकारात्मक प्रभाव परी कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको छ । पछिल्लो पटक विकास भएका ज्ञान, सीप, प्रविधि तथा उन्नत जातका बीउबिजनको विकासका कारण उत्पादन वृद्धि हुने अनुमान छ ।

धान उत्पादनमा करिब १० प्रतिशतले घटबढ भएमा मुलुकको कूल गार्हस्थ्य उत्पादनमा एक प्रतिशतले घटबढ हुने कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ । यस वर्ष स्वदेशमा उत्पादन हुने अनुमान गरिएको ६० लाख मेट्रिकटन धानबाट करिब ३५ लाख मेट्रिकटन खानयोग्य चामल बन्ने मन्त्रालयका सूचना अधिकारी जोशीले जानकारी दिए । रासस

# त्रिलोकेश्वरबाट पशुपतिसम्म कलश यात्रा सम्पन्न

**भक्तपुर ।**
चाँगुनारायण नगरपालिका–७ बागेश्वरीस्थित बागेहिटी देवी मन्दिर परिसरमा रहेको त्रिलोकेश्वर महादेव मन्दिरबाट पशुपतिनाथ मन्दिरसम्म सुरु भएको कलश यात्रा सोमबार साँझ सम्पन्न भएको छ ।

सोमबारदेखि सुरु भएको एकमहिने साउने मेलाका अवसरमा सयौँको सङ्ख्यामा बागेश्वरीस्थित बागेहिटीबाट सुरु भएको कलश (जल) यात्रा पशुपति मन्दिरमा लगेर चढाउनुका साथै पशुपति मन्दिरबाट जल भरेर पुनःफर्केको कलश यात्रा त्रिलोकेश्वर महादेव मन्दिरमा ल्याएर जलार्पण गरिएको थियो ।

'नगरकोट भ्रमण वर्ष–२०८२' को अवसर पारेर बागेहिटी संरक्षण समितिद्वारा सोमबारदेखि बागेहिटीस्थित त्रिलोकेश्वर महादेव मन्दिरमा सञ्चालन गरेको श्रावणी महोत्सवको पहिलो दिन पशुपतिसम्मको कलश यात्रा गरी जलार्पण गरिएको महोत्सव आयोजक समितिका प्रचार संयोजक रमेश अधिकारीले जानकारी दिए ।



तीनतले महादेवको नाममा प्रसिद्ध त्रिलोकेश्वर महादेव मन्दिरमा श्रावणी महोत्सवसँगै यही साउन ५ गतेदेखि १९ गतेसम्म शिवपुराण ज्ञान महायज्ञ र साउन १९ गतेदेखि २६ गतेसम्म नारायण महायज्ञको आयोजना हुने बताउँदै उनले महायज्ञमा विदुषी वाचिका यशोधा देवीबाट कथा प्रवचन हुने जानकारी दिए ।

यसैगरी, सोमबार चाँगुनारायण नगरपालिका–३ स्थित ज्योतिलिङ्गेश्वर महादेव मन्दिरमा सयौँ महिलाले जलार्पण गर्दै मेला भरेका छन् । स्थानीयले मनोहरा खोलाको जल कलश भरेर कलश यात्रा गर्दै मन्दिरमा जलार्पण गरी मेला सम्पन्न गरेका हुन् ।

साउनको सोमबार बिहानैदेखि भक्तपुरका प्रसिद्ध शिवालयमा दर्शनार्थीको घुइँचो लागेको थियो । भक्तपुरको सूर्यविनायक नगरपालिका–८ सिपाडोलस्थित प्रसिद्ध डोलेश्वर महादेव मन्दिरमा सुरु भएको एकमहिने साउने मेलामा सोमबार हजारौँको भीड लागेको छ । भक्तजनको सहजताका लागि भक्तपुरको जगातीबाट डोलेश्वर महदेव मन्दिर जाने दुई वटा सडकलाई एकतर्फी यातायात सञ्चालन गरिएको मन्दिर व्यवस्थापन समितिका सचिव हरिशरण बस्नेतले जानकारी दिए । सोमबार बिहानैदेखि दर्शनार्थीको भीड लागेको भन्दै उनले एकमहिने मेलामा महिना दिनभरि मेला भर्न सकिने बताए ।

त्यसैगरी, सिपाडोलको प्रसिद्ध आशापुरी महादेव मन्दिरमा पनि दर्शनार्थीको दिनभर घुइँचो लागेको छ । मनको आशा पूरा गर्ने महादेवका रूपमा परिचित रहँदै आएको यो मन्दिरमा बिहानैदेखि दर्शनार्थीको घुइचो लागेको हो ।

सूर्यविनायक नङ्खेलस्थित नन्दीकेश्वर महादेव मन्दिर, सिरुटारको गुप्तेश्वर, सोमलिङ्गेश्वर, चरखण्डेश्वर, अनन्तलिङ्गेश्वर, सुवर्णेश्वर, लटरम्बेश्वर र कैलाशनाथ मन्दिरमा दर्शनार्थीको दिनभर भीड लागेको छ ।

त्यस्तै, ब्रम्हा, विष्णु र महेश्वरको त्रिमूर्तिको नाममले परिचित भक्तपुर नगरपालिकास्थित प्रसिद्ध दत्तात्रय मन्दिरमा बिहानैदेखि दिनभर भीड लागेको छ । भीड व्यवस्थित गर्न स्वयंसेवक परिचालन गर्नुका साथै लाइनमा बस्नेका लागि टोकनको व्यवस्था गरेको छ । भक्तपुर, काठमाडौं, ललितपुर, काभ्रेपलाञ्चोकबाट दर्शनार्थीको आगमनले यहाँका महादेव मन्दिरहरू भरिभराउ भएका छन् । रासस

# बेनी–अर्थुङ्गे–पुलाचौर सडकः बेनी–पुरुण्डी खण्ड पक्की बन्यो

**म्याग्दी ।**
म्याग्दीको बेनी–अर्थुङ्गे–पुलाचौर सडक योजनाअन्तर्गत बेनीबाट अर्थुङ्गे हुँदै पुरुण्डी खण्डको सडकलाई पक्की बनाइएको छ । यो सडकले बेनी नगरपालिका–६, ५ र मङ्गला गाउँपालिकाको १ नम्बर वडाका बस्तीलाई जिल्ला सदरमुकाम बेनीसँग जोड्छ ।

बेनीबाट बेनी –६ अर्थुङ्गे–बाँसबोट–एकपाटे–अवे चौर हुँदै पुरुण्डीसम्म ६ किलोमिटर सडकलाई ढलान र कालोपत्र गरेर पक्की बनाइएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताए ।

'बेनीबाट अर्थुङ्गे हुँदै पुलाचौर जोड्ने सडक योजना बेनी नगरपालिकाको प्राथमिकताप्राप्त क्रमागत योजना हो', उनले भने, 'पुरुण्डीबाट पुलाचौरतर्फको सडक स्तरोन्नतिका लागि आर्थिक वर्ष २०८२/८३ मा लागि रु एक करोड ६२ लाख ५० हजार विनियोजन भएको छ ।'

बेनी–अर्थुङ्गे पुलाचौर सडक स्तरोन्नतिका लागि बेनी नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा दुईवटा योजना सञ्चालन गरेको थियो । गत वर्षसम्म बेनीबाट अर्थुङ्गे हुँदै बेनी नगरपालिका–६ बाँसबोटसम्म ढलान र कालोपत्र भएको थियो ।

६२ लाख ६७ हजार ८४८ रुपैयाँ मा ठेक्का सम्झौता भएको योजनामार्फत एकपाटे र अवेचौर क्षेत्रमा ४२६ मिटर प्रिमिक्स कालोपत्र, एक सय ३० मिटर ढलान र एक सय ९० मिटर पक्की नाली निर्माण भएको बेनी नगरपालिकाका प्राविधिक मिलन केसीले बताए ।

सडक बोर्डको कार्यक्रमअन्तर्गत ६८ लाख ९७ हजार ४९८ रुपैयाँ मा ठेक्का सम्झौता भएको योजनामार्फत पुरुण्डी खण्डमा दुई सय ३२ मिटर ढलान, एक सय ५० मिटर पक्की नाली, पर्खाल निर्माण सकिएको र ७२ मिटर प्रिमिक्स कालोपत्र गर्न बाँकी छ ।

कालोपत्र र ढलानभएको सडक फराकिलो बनाउने, नाली र कुनातर्फ टेवा पर्खाल निर्माण भएको छ । यसअघि सडक चार मिटरको अनुपातमा फराकिलो थियो । विस्तार गरेर सात मिटरको अनुपातमा फराकिलो पारिएको छ ।

एकपाटेका बासिन्दा विष्णुदत्त शर्मा मार्ग खुलेको करिब दुई दशकपछि सडक स्तरोन्नति भएसँगै आवतजावतमा सहज भएको बताए । 'सडक सुधार भएसँगै यसअघि एकपाटेबाट बेनी आउन ४० मिनेट लाग्ने गरेकामा अहिले यात्राअवधि १० मिनेटमा छोटिएको छ', उनले भने, 'हिलो र धुलोमुक्त सफा सडकमा सुरक्षित रूपमा यात्रा गर्न पाउँदा दङ्ग परेका छौँ ।' स्तरोन्नति भएको सडकमा नियमित यातायातका साधन सञ्चालन गर्न र भाडादर समायोजन गर्न स्थानीयवासीले माग गरेका छन् । उनीहरूको मागअनुसार जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी नयाँ आर्थिक वर्षको सुरुआतसँगै नयाँ भाडादर लागि गरिएको नगरपालिकाले जनाएको छ । रासस

# बागलुङमा पाँच हजार ८७२ घर बाढी पहिरोको जोखिममा

**बागलुङ ।**
बागलुङमा हरेक वर्ष वर्षातको समयमा बाढी पहिरोले धनजनको क्षति हुने गरेको छ । यस वर्ष पनि वर्षात सुरु भएकाले जिल्ला विपद् व्यवस्थापन समितिले जोखिम क्षेत्रको पहिचान गरी नागरिकलाई सचेत गराउँदै आएको हो ।

यस वर्षको मनसुनमा जिल्लाभर पाँच हजार ८७२ घर बाढी पहिरोको जोखिममा छन् । जोखिममा रहेका बस्ती तथा घरमा बस्न सहजकता अपनाउन विपद् व्यवस्थापन समितिले सुझाव दिएको छ । यहाँका अधिकांश बस्ती खोला किनार र भिरालो जमिनमा रहेकाले वर्षातको समयमा बाढी पहिरोको जोखिममा पर्ने गरेका छन् । जिल्लामा सबैभन्दा बढी निसीखोला गाउँपालिकाका जोखिममा छन् । यस पालिकामा दुई हजार ४३८ घर बाढी पहिरोको जोखिममा रहेका समितिले जनाएको छ । सबैभन्दा कम जोखिमयुक्त घर जैमिनी नगरपालिकामा छन् । जैमिनीमा १६ घर जोखिममा रहेका जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी पुष्पराज पौडेलका अनुसार बागलुङ नगरपालिकामा एक हजार ५५४, ढोरपाटन नगरपालिकामा ३९०, गलकोट नगरपालिकामा १२५, बरेङ गाउँपालिकामा २१०, बडिगाड गाउँपालिकामा १६०, तमानखोला गाउँपालिकामा ११५, ताराखोला गाउँपालिकामा १४४ र काठेखोला गाउँपालिकामा ७२० घर बाढी पहिरोको जोखिममा परेका हुन् । घरसँगै विद्यालय, सिँचाइ, कुलो, विद्युत्, गृह, सयौँ रोपनी खेतीयोग्य जमिन जोखिममा रहेका उनले बताए ।

उनले भने, 'वर्षातको समय छ, जोखिम रहेका घर तथा बस्तीमा जतिबेला पनि बाढी पहिरोले बगाउन सक्छ, सबै नागरिक सचेत हुन जरुरी छ, हामीले पनि सबै नागरिकलाई सचेत हुनका लागि आग्रह गरेका छौँ, जोखिम मोलेर बस्नु हुँदैन भनेका छौँ, वर्षा हुँदा सुरक्षित स्थानमा गएर बस्नुको विकल्प हुँदैन, विगतमा बाढी पहिरोबाट धेरैले ज्यान गुमाउनुभएको छ ।' निसीखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन पुन मगरले वडा नं १ को हुल्दी क्षेत्रमा सबैभन्दा बढी घर पहिरोको जोखिममा रहेका जनाउँदै बस्ती अन्यत्र सार्नुपर्ने अवस्था रहेको बताए । एकीकृत बस्ती निर्माण गरेर स्थानीयलाई पुनःस्थापित गर्न केन्द्र र प्रदेश सरकारसँग सहकार्य गर्ने उनको भनाइ छ ।

विपद् व्यवस्थापनका लागि पूर्वतयारीका गरिरहेको भन्दै राहत र उद्धारका लागि 'विपद् व्यवस्थापन कोष' बनाइएको पुनमगरले जानकारी दिए । 'निसीखोलाको अधिकांश ठाउँ र सयौँ घर जोखिममा छन् । पालिकाको सीमित स्रोतसाधनले बस्ती स्थानान्तरण नभ्याउने हुँदा माथिल्लो तहका सरकारसँग सहकार्य गर्नुपर्छ', उनले भने, 'अहिले विपद्बाट नागरिकलाई जोगाउन सचेतना फैलाउने काम भइरहेको छ । त्योबाहेक विपद्मा परेकालाई राहत तथा पुनःस्थापनाका लागि ३० लाखरुपैयाँ को कोष बनाएका छौँ, उद्धारलाई प्रभावकारी बनाउन निसीखोलाका तीनवटै चौकीलाई उद्धार सामग्री हस्तान्तरण गरेका छौँ ।' रासस

# देउवालाई पाँच नेताको दबाब



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई पार्टीका नेताहरुmले भेट गरेर विभिन्न सुझाव दिएका छन् । मंगलबार बिहान कांग्रेसका ५ जना एकसाथ सभापति देउवा भेट्न बूढानीलकण्ठ पुगेपछि यसले सबैलाई तरंगित पारेको छ । पूर्वउपसभापतिद्वय गोपालमान श्रेष्ठ र विजयकुमार गच्छदार, पूर्वमहामन्त्रीद्वय प्रकाशमान सिंह र कृष्णप्रसाद सिटौला, पूर्वसहमहामन्त्री डा. प्रकाशशरण महतले देउवासँग दुई घण्टा छलफल गरेका छन् । सोमबार एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको गठबन्धन सरकारमा कांग्रेसबाट नेतृत्व गर्दै उपप्रधानमन्त्री तथा शहरी विकासमन्त्री रहेका नेता सिंह निवासमा भएको सात नेताको बैठकले निकालेका निष्कर्षबारे जानकारी गराउन उनीहरू देउवा निवास पुगेका थिए । बैठकमा सहभागी पूर्वउपसभापति विमलेन्द्र निधि र पूर्वमहामन्त्री डा. शशांक कोइराला भने देउवा निवास गएनन् । बैठकमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको राजनीतिमा पुनरागमन रोक्न पहल, पार्टी र राष्ट्रिय राजनीतिबारे महत्वपूर्ण निर्णय गर्दा परामर्शबारे बोलेका थिए । यस्तै, पार्टी सरकारमा गएको एक वर्षमा भ्रष्टाचार मौलाएको, भ्रष्टाचारका काण्डहरू बाहिर आउँदा पनि कारबाही नभएकोबारे बताइएको थियो । १५ औं महाधिवेशनमा सभापतिको उम्मेदवारबारे पनि नेताहरुको चासो थियो । काम गर्न नसक्ने मन्त्रीहरू फिर्ता बोलाउन पनि नेताहरुले देउवालाई सुझाव दिए । यस्तै, रूपन्देही ३ को उपनिर्वाचनबारे पनि नेताहरुको सभापतिसँग चासो थियो । नेताहरुले संघीय निजामती कर्मचारी विधेयकको 'कुलिङ अफ पिरियड'बारे पनि चासो राखे । सरकार सञ्चालन गर्ने राजनीतिक संयन्त्रमा बसेका नेताहरूले गरेको मनलाग्दी रोक्न नेताहरुको आग्रह थियो । सरकारको भूमिका प्रभावकारी भएन भन्ने उनीहरुको गुनासो थियो । पार्टी फुटाउँदादेखि नै आफूहरुले सहयोग गर्दै आएकाले आफूहरूमध्येबाट सभापतिमा उम्मेदवार बनाउनुपर्ने भन्दै उनीहरुले सभापतिलाई ध्यानाकर्षण गराएका थिए ।

# एमाले बैठकमा पूर्वराष्ट्रपतिबारे केन्द्रीय सदस्यहरु विभाजित

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)को नवौँ केन्द्रीय कमिटीको आजको बैठकमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, सङ्गठनातत्मक व्यवस्थालगायत विषयमा छलफल जारी छ ।
ललितपुर, च्यासलस्थित एमाले मुख्यालयमा आज दोस्रो दिनको बैठकमा उपाध्यक्ष विष्णुप्रसाद पौडेलको विधान संशोधन प्रतिवेदन र महासचिव शङ्कर पोखरेलको सङ्गठनात्मक प्रस्ताव प्रतिवेदनमाथि ५८ जनाले आफ्नो धारणा राखेको पत्रकार सम्मेलनमा प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिए । सोमबार पहिलो दिन ४९ जनाले आफ्नो धारणा राखेका थिए ।



प्रतिवेदनमा अझै ७७ जनाले आफ्नो धारणा राख्न बाँकी छ । प्रचार विभाग प्रमुख गौतमले बैठकमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी एमालेको सक्रिय राजनीतिमा फर्किने विषय, पार्टी सदस्यता र सङ्गठित सदस्यताको व्यवस्था गर्नेलगायत विषयमा धारणा राखेको गौतमले जानकारी दिए ।
'मातहतका कमिटी मुख्य गरेर निर्वाचन क्षेत्रीय समन्वय कमिटी र प्रदेश निर्वाचन क्षेत्रीय समन्वय कमिटीलाई संविधान अनुकूल कार्यकारी कमिटी बनाउनुपर्छ भन्ने कुरालाई जोड दिएर उठाइएको छ,' उनले भने, 'सबैतिरको रिपोर्टिङअनुसार पार्टीको एक लाख ३९ हजार सदस्यता वृद्धि भएको छ । यो प्रतिशतका हिसाबले करीब २८ प्रतिशत हो ।'
प्रचार विभाग प्रमुख गौतमले बैठकमा सरकारको प्रभावकारिता, मूल्यवृद्धिलगायत विषयमा पनि केन्द्रीय सदस्यहरूले कुरा उठाएको जानकारी दिए ।
पूर्वराष्ट्रपतिको पार्टी सदस्यता नवीकरण र पार्टीमा प्रवेश गर्ने कुरालाई अधिकांश केन्द्रीय सदस्यले उठाएको पनि उहाँले जानकारी दिए ।
केन्द्रीय कमिटीमा प्रस्तुत गरिएको उपाध्यक्षको विधान संशोधन प्रस्ताव प्रतिवेदन र महासचिव पोखरेलको साङ्गठनिक प्रतिवेदन यसअघि सचिवालय र पोलिटब्यूरो बैठकले पारित गरेका थिए ।

# मन्दिरमा हत्या गरिएका व्यक्तिको पहिचान खुल्यो

**सिन्धुली ।**
दुधौली नगरपालिका–२ लामीडाँडास्थित मधुगङ्गा महादेव मन्दिरमा सोमबार हत्या गरिएका व्यक्तिको पहिचान खुलेको छ ।
हत्या गरिएका व्यक्ति भारतको सितामडी भवदेपुर–११ का पङ्कजकुमार भगत रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक लालध्वज सुवेदीले जानकारी दिए ।
उनी मधुगङ्गा महादेवको दर्शन गर्न आएका थिए । शव परीक्षणपछि उनको परिवारको जिम्मा लगाइने उनले बताए । मृतकका माइला दाजु रञ्जित भगतले सिन्धुली अस्पतालमा आएर मृतकको सनाखत गरेका हुन् ।
सोमबार बिहान यस स्थानमा करिब २५–३० वर्षको पुरुषको शव फेला परेको थियो । प्रारम्भिक अनुसन्धानमा मृतकको छातिमा धारिलो हतियार प्रहार भएको देखिएको प्रहरी उपरीक्षक सुवेदीले बताए । प्रहरीले घट्नास्थलबाट धारिलो हतियार चुप्पी र खुपा बरामद गरेको थियो ।
प्रहरीका अनुसार पङ्कज साथिहरुसँग मधुगङ्गा महादेवको दर्शन गर्न आएका थिए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । उनीसँगै आएका सबैजना फरार रहेका र घटनामा संलग्नलाई चाँडै पक्राउ गरिने प्रहरी उपरीक्षक सुवेदीले बताए । घटनामा संलग्न व्यक्तिबारे किटानी जाहेरी आएको छ । भारतको विभन्न स्थानबाट बर्सेनि साउनको पहिलो सोमबार मधुगङ्गा महादेवको दर्शन गर्न यहाँ आउने गरेका बताइएको छ ।

# जनप्रतिनिधिबाटै युवामाथि हातपात ?

**मधेशदृष्टि**
**वीरगंज ।**
लोकतान्त्रिक व्यवस्थामा जनताको सेवा गर्ने जिम्मेवारी बोकेका जनप्रतिनिधिबाटै जनतामाथि दुर्व्यवहार हुनु पछिल्लो समयमा सामान्यजस्तै बन्दै गएको छ ।
यस्तै एउटा घटना बारा जिल्लाको सुवर्ण गाउँपालिकामा भएको छ, गाउँपालिकाका अध्यक्ष राजेश यादवमाथि सार्वजनिक स्थानमै एक युवा नागरिकमाथि दुर्व्यवहार र हातपातको प्रयास गरेको आरोप लागेको छ ।
घटनास्थल कलैया उपमहानगरपालिका–३ गङ्गापुर हो, स्थानीय विकास साहले बताएअनुसार, उनी बाटो काट्दै गर्दा अध्यक्ष यादव चढेको स्कार्पियो गाडीको पछाडिको टायर अचानक पड्किएको थियो । तर, अध्यक्ष यादवले त्यसको दोष साहकै मोटरसाइकललाई लगाउँदै सार्वजनिक स्थानमै गालीगलौज शुरु गरे र हातपात गर्न खोजे ।
विकास साहले घटनाका प्रत्यक्षदर्शी ट्राफिक प्रहरी पनि अध्यक्ष यादवको दबाबमा परेर न्याय गर्न असफल भएको आरोप लगाएका छन् ।
यस विषयमा प्रतिक्रिया लिन खोज्दा अध्यक्ष यादवसँग सम्पर्क हुन सकेन ।

# गरुडाबाट १३३ केजी गाँजा बरामद, चालक फरार



**प्रमोद सहनी**
**रौतहट ।**
चेकजाँचक्रममा कार खेतमा झारेर चालक फरार भएपछि प्रहरीले घटनास्थलबाट गाडी नियन्त्रणमा लिई १ सय ३३ केजी गाँजा बरामद गरेको छ । इलाका प्रहरी कार्यालय गरुडाको विशेष सूचनाका आधारमा गरिएको कारबाहीमा प्रहरीले कार क्रेनको सहायताले निकालेर लागू औषधसहित नियन्त्रणमा लिएको छ । फरार तस्करको खोजी तथा थप अनुसन्धान जारी छ । गरुडा नगरपालिका–४ नापी कार्यालयस्थित चपुर गौर सडकखण्डको झाझ खोलानजिकै ब्रेजा कारमार्फत तस्करी गरिँदै गरेको ठूलो परिमाणको गाँजा प्रहरीले बरामद गरेको छ । चेकजाँचक्रममा भाग्न खोजेको कारबाट १ सय ३३ केजी गाँजा बरामद भएको हो ।
मंगलबार बिहान इलाका प्रहरी कार्यालय गरुडाको टोलीले विशेष सूचनाका आधारमा चन्द्रनिगाहपुरबाट गौर आउँदै गरेको ग३च ६८९६ नम्बरको रातो रंगको ब्रेजा कार चेकजाँचका लागि रोकेको थियो । तर, प्रहरीको संकेत नमानेर चालकले गाडीको गति तीव्र बनाउँदै भागेका थिए । कार पछ्याउँदै जाँदा झाझ खोलानजिकै सडकको पश्चिमतर्फको अन्दाजी १० फिट गहिरो खाल्टोमा गाडी झारेर चालक फरार भएका थिए ।
घटनास्थलमा पुगेको प्रहरीले क्रेनको सहायताले गाडी निकालेर चेकजाँच गर्दा गाडीको डिक्कीमा प्लास्टिकका १३ वटा पोकामा प्याक गरी लुकाइएको १ सय ३३ केजी गाँजा फेला परेको हो । उगाँजा र सवारी साधनलाई इलाका प्रहरी कार्यालय गरुडाको नियन्त्रणमा राखिएको छ ।
इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीका अनुसार फरार चालक उखुबारी हुँदै भागेपछि तत्काल प्रहरीले क्षेत्र वरिपरि घेरेर सर्च अपरेसन शुरु गरेको हो । घटनास्थल आसपासका सबै क्षेत्रलाई घेराबन्दी गरी चालकको खोजी जारी छ ।
'गाडीमा ठूलो परिमाणमा गाँजा राखिएको सूचना पाएका थियौँ,' डिएसपी कार्कीले बताए, 'हामी सिधै गिरोहसम्म पुग्ने गरी अनुसन्धान अगाडि बढाइरहेका छौँ ।' प्रहरीका अनुसार यसअघि साना तथा ठूला सार्वजनिक सवारी साधन प्रयोग गरी गाँजा तस्करी हुने गरे पनि योपटक व्यक्तिगत कारमार्फत ठूलो मात्रामा गाँजा ओसार्ने प्रयास भएको छ । तस्करीमा संलग्न गिरोहले लागुऔषध ओसारपसार गर्न नयाँ तरिका अपनाउँदै आएको प्रहरीको भनाइ छ ।गाँजासहितको गाडी नियन्त्रणमा लिएपछि प्रहरी टोलीले अब गाडीको रजिष्ट्रेशन, स्वामित्व र चालकको पहिचानमार्फत तस्करसम्म पुग्ने प्रयास गरिरहेको छ । घटनास्थलबाट संकलित प्रमाण तथा सिसिटिभी फुटेजको विश्लेषण भइरहेको छ । प्रहरीले बरामद गाँजा परीक्षणका लागि प्रयोगशालामा पठाउने तयारी गरेको छ भने कानूनी प्रक्रियाअनुसार लागुऔषध नियन्त्रण ऐनअन्तर्गत मुद्दा दर्ता गरिने जनाएको छ ।
भारतको सीमासँग जोडिएको रौतहटमा लागुऔषध तस्करीका घटना बढ्दो छ । यसक्षेत्र हुँदै लागूपदार्थ भित्रिने, भण्डारण हुने र विभिन्न ठाउँमा पठाइने गरेका तथ्य बाहिर आएकाले सुरक्षा निकाय थप सतर्क हुनुपर्ने देखिएको छ ।
प्रहरी स्रोतका अनुसार लागुऔषध कारोबार नियन्त्रणका लागि जिल्लाभर निगरानी कडा पारिएको छ । यस्ता अवैध क्रियाकलापमा संलग्न व्यक्तिलाई कडाइका साथ कारबाही गरिने जनाएको छ ।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन